# नेपालको भूभाग र सीमासम्बन्धी स्वाध्याय सामग्री




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

संस्करण : पहिलो, २०७७

मुद्रक :

**२०७७।३।१९ राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत**

# यो पुस्तक किन जरुरी पर्‍यो ?

गत वर्ष नोभेम्बर २ (२०७६ कात्तिक १६) मा भारतले आफ्नो नक्सा अद्यावधिक गर्ने नाममा नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुराको भूमिलाई आफ्नो नक्सामा गाभेर प्रकाशन गरेपछि स्वाभिमानी देशभक्त नेपालीहरूलाई असह्य हुनु स्वाभाविक थियो । झन्डै २४ वर्षअघि एउटा पुस्तिका तयार गरेर नेपालको भूभागबाट भारतीय सेनालाई कुटियाङ्दी पारि पठाउनुपर्छ भनेर अभियान नै चलाएको हुनाले यो विषय बुझ्न मलाई समस्या थिएन । ती दिनहरूमा आन्दोलनको माध्यमबाट उठाएको सच्चाइलाई सरकारको जिम्मेवारीमा रहेको वर्तमान अवस्थामा अझ प्रामाणिक र आधिकारिक ढङ्गले अघि बढाउने दायित्व बढेको महसुस हुन्छ । मलाई सम्झना छ अन्तरिम सरकारको बेलामा स्वास्थ्यमन्त्री हुँदा म सुस्ता गएको थिएँ । साथमा सीमाविद् बुद्धिनारायण श्रेष्ठलगायतको टोली थियो । मन्त्रीले यसरी विवादित ठाउँमा जानु हुँदैन भन्ने दवाव पनि आएको थियो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वको त्यो सरकारमा सहाना प्रधान पराराष्ट्र मन्त्री हुनुहुन्थ्यो । उहाँले मेरो भ्रमणको बचाउ गर्नुभयो । त्यहाँबाट फर्केपछि हामीले सुस्तामा स्वास्थ्य चौकी स्थापना गर्‍यौं ।

यसपटक पेरिसमा मिति २०७६ साल कात्तिक २६ देखि मङ्सिर ११ गते तदनुसार १२-२७ नोभेम्बर, २०१९ मा भएको युनेस्कोको चालिसौं सम्मेलनमा भारतका समकक्षी मन्त्री रमेश पोखरियालसँगको भेटमा यो विषय उठाउँदै मैले सुधार हुँदै गएको नेपाल भारत सम्बन्धमा यो घटनाले नकारात्मक असर पार्छ, भारतीय प्रधानमन्त्रीसँग तपाईंले पनि कुरा गर्नुपर्छ भनी आग्रह गरेको थिएँ । युनेस्कोको सम्मेलनबाट फर्किएपछि म यो विषयलाई पाठ्यपुस्तकमा राख्नुपर्छ भन्ने निष्कर्षमा पुगेको थिएँ । संविधानले शिक्षालाई “वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति” तयार गर्न निर्देशन गरेको पृष्ठभूमिमा हामी काम गरिरहेका थियौं ।

यस सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रका तत्कालीन महानिर्देशकलाई नेपालको नयाँ पुस्तालाई बुझ्न सहयोग पुग्ने गरी विशेषतः नेपालको पश्चिमी क्षेत्रको सीमा विषयबारे पाठ्यपुस्तक तयार गर्न निर्देशन दिएको थिएँ । सामग्री तयार गर्ने क्रममा म आफैं विज्ञहरूसँग बसेको थिएँ । सामान्यतया फागुनबाट हाम्रा हिमाली जिल्लाहरूमा पठनपाठन सुरु हुन्छ । त्यसलाई ध्यान दिएर सामग्री तयार गर्न थालिएको थियो । नक्सा पुस्तकहरूमा छाप्न नेपाल सरकारको आधिकारिक निर्णयको आवश्यकता भएकाले केही ढिला भए पनि यो पुस्तक तपाईंहरूको हातमा पुगेको छ । यस क्षेत्रका विज्ञहरूबाट आएका रायसुझाव र पूर्व प्रधानमन्त्री, मन्त्री तथा राजनीतिक व्यक्तित्वहरूबाट प्राप्त विचारहरूलाई समेत समेटेर यो पुस्तक तयार भएको छ ।

मूलतः राष्ट्रको भूगोलसँग जोडिएका सामग्रीलाई निर्विवाद रूपमा अक्षुण्ण राख्नु सरकारको प्रमुख दायित्व र कर्तव्य हो । राष्ट्रको अस्मिता भन्नु नै त्यसले चर्चेको माटो र माटासँग जोडिएका अवयवहरू नै

हुन् । तिनै अवयवहरूको सुरक्षामा राष्ट्रले शक्ति खर्चेको हुन्छ । राष्ट्र बनाउने एउटा प्रमुख तत्त्व भूगोल हो । यसमा देशको सार्वभौमिकतालाई सिमाना र राजधानी केन्द्रको रूपमा जीवन्तता दिएको हुन्छ । भूगोलले प्रथम दृष्टि (Prima Facie) पहिचान गराउँछ । यस परिप्रेक्ष्यमा पाठ्यक्रम विकास केन्द्रले हाम्रो राष्ट्रको भूगोलसँग सम्बन्धित सामग्रीलाई एकीकृत गरेर प्रकाशन गर्दा विद्यालय, विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूका साथै सम्पूर्ण नागरिकहरूलाई यसको अध्ययन र अनुसन्धानमा आधारित आधिकारिक जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउँछ भने विश्वास लिएको छु ।

नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबिच भएको ४ मार्च, १८१६ को सुगौली सन्धि, ११ डिसेम्बर, १८१६ को पूरक सन्धि, १ नोभेम्बर, १८६० को सिमा सन्धिले नेपालको पूर्व, दक्षिण र पश्चिमको तथा नेपाल र तत्कालीन तिब्बत सरकारसँग भएको २ जुन, १७८९ को केरुङ सन्धि, ५ अक्टोबर १७९२ को वेत्रावती सन्धि, २४ मार्च १८५६ को थापाथली सन्धि र १९६१ को सीमा सन्धिले उत्तरतर्फको अहिलेको भूगोल निर्धारण गऱ्यो । सुगौली सन्धि भएको २०४ वर्षपछि नेपालले आफ्नो नक्सालाई अद्यावधिक गरेको छ । प्राविधिक कारणले छुटेको भूमिसमेत समेटी वैज्ञानिक प्रविधिको प्रयोग गरी तयार गरिएको नक्सालाई २०७७ जेठ ५ गते मन्त्रिपरिषद्ले पारित गऱ्यो र २०७७ जेठ ७ गते सार्वजनिक गऱ्यो । यससँग सम्बन्धित संविधानको अनुसूची- ३ लाई जेठ ३१ गते प्रतिनिधिसभाबाट, २०७७ असार ३ गते राष्ट्रिय सभाबाट सर्वसम्मतिले पारित गरी २०७७ असार ४ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणित भएको हो । यसअघि नागरिक तहबाट गठन भएको “सीमा बचाऔँ अभियान” ले तयार गरेको नेपालको सम्पूर्ण भूभाग समेटिएको वैज्ञानिक नक्साले पनि सरकारलाई निर्णय गर्न सहयोग पुऱ्याएको थियो ।

वास्तवमा यो पुस्तकले नेपालको आधिकारिक नक्सासँग भारतद्वारा अतिक्रमण गरिएको हाम्रो भूमि विशेषतः लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको हाम्रो स्वामित्वको आधिकारिकतालाई ऐतिहासिक तथ्यसहित पुष्टि गर्दछ । सबैलाई के थाहा छ भने विभिन्न प्रकारले तत्कालीन नेपाललाई आफ्नो प्रभावभित्र राख्न विफल भएपछि इस्ट इन्डिया कम्पनी सरकारले ई सं १८१४ मा नेपालमाथि छओटा स्थानबाट अप्रत्याशित शैलीमा आक्रमण गऱ्यो । फलतः युद्ध सम्झौतामा गएर टुङ्गियो । सुगौली सन्धि (इ सं १८१६) त्यही सम्झौताको दस्तावेज थियो । सुगौली सन्धिको धारा ५ मा नेपालले कालीपारिको भूमिमा आफ्नो दावी छाड्नुपर्ने यसरी उल्लेख गरिएको छः "The rajah of Nipal renounces for himself, his heirs, and successors all claim to or connection with the countries lying to the west of the River Kali and engages never to have any concern with those countries or the inhabitants thereof." यसको अर्थ “नेपालका राजा स्वयम्का लागि, निजका उत्तराधिकारीहरू वा वारिसहरूका लागि काली नदीको पश्चिममा पर्ने देशहरूसितका सम्बन्ध र सम्पूर्ण दाबीहरू परित्याग गरिबक्सन्छ र ती देशहरू वा तिनका बासिन्दाहरूसित कहिल्यै कुनै चासो राखिबक्सने छैन” भन्ने हुन्छ ।

सन्धिको भाषाले सिङ्गो काली नदी नेपालमा पर्ने देखिन्छ । काली नदी इतिहासमा एउटै थियो र आज

पनि एउटै छ । त्यसैले सुगौली सन्धि गर्दा 'काली' कुन हो भनेर उल्लेख गर्नुपरेको थिएन । भारतीय शासक पक्षबाट कालीको उद्‌गमबारे हरेक वर्ष कुरा फेर्दै लगियो । पहिले तुल्सी न्युराङको भारतीय सैनिक पोस्टभित्र रहेको २५ मिटरको कुलो कालीको मूल हो भनियो र त्यसलाई पुष्टि गर्न कृत्रिम काली र शिव पार्वतीको मन्दिर बनाइयो । पछि नेपाल भारत सीमाको बैठकमा नक्कली कालापानीभन्दा तलको पङ्खागाढ खोलाको दक्षिणपट्टिको डाँडालाई सिमाना देखाइयो । आफैंले 'विवादित' भनेर स्विकारेको क्षेत्रलाई पनि आफ्नो नक्सामा देखाउने र कोभिड- १९ को महामारीको अवस्थामा नै भारतीय रक्षामन्त्रीद्वारा सडक उद्घाटन गर्ने जस्ता हेपाहा क्रियाकलापले जनस्तरमा रहेको सम्बन्धलाई चुनौती दिएपछि नेपाल सरकारले त्यसको प्रतिवाद गऱ्यो । परराष्ट्र मन्त्रालयबाट दिइएका वक्तव्य तथा प्रोटेस्ट नोट, नेपाल सरकारले गरेको नक्सा प्रकाशन र संविधानको संशोधन यसका पछिल्ला जवाफहरू हुन् । यही पृष्ठभूमिमा यो पुस्तक आएको छ । यो पुस्तकले यी महत्त्वपूर्ण विषयवस्तु बुझ्न मद्दत गर्ने छ । यस सन्दर्भमा निम्नलिखित मुख्य ऐतिहासिक तथ्य र प्रमाणहरू मननीय छन् :

- जनताको भनाइ र श्रुतिमाथि विश्वास गर्दा कालीको मूल लिम्पियाधुराबाट बग्ने कुटियाङ्‌दी नै देखिन्छ । स्थानीय सौका जातिको बोलिचालीको भाषामा 'कुटी' भनेको काली र 'याङ्‌दी' भनेको पानी हो । जोलिङकाङ हिमालको पश्चिम उत्तर भेगमा लिम्पियाधुरा पर्छ । यस क्षेत्रमा जमेको हिउँ भूसतहबाट बग्दा पानीको रङ कालो देखिने गरेको छ । त्यही पानीको रङको आधारमा पनि नदीको नाम कुटियाङ्‌दी रहेको विश्वास गरिन्छ । वास्तवमा सुगौली सन्धि भएको ९५ वर्षपछि प्रकाशित भएको अलमोडा गजेट (इ.सं. १९११) मा "The Kali on the east has its true source in the kuthi-yankti which after the infall of the Kalapani river takes The name of Kali, The Kuthi river has a south-easterly course to the Junction." लेखिएको छ । स्मरण होस् अलमोडा गजेट त्यस्तो सरकारी दस्तावेज हो जसले कालीको वास्तविक स्रोत कुटियाङ्‌दी नै हो भनेर प्रमाणित गर्छ ।
- सुगौली सन्धि लगतै सीमा निर्धारण प्रक्रिया सुरु भयो । दार्चुला जिल्लामा भने सीमा विवाद थिएन, त्यसैले त्यहाँ कुनै निर्णय गर्नुपरेको थिएन । कालीवारि नेपाल र कालीपारि ब्रिटिस भारतको सार्वभौमिकता थियो । कुटियाङ्‌दी वारिको भागमा बसेको गाउँ, लिपु नाला पूर्वको गाउँ र टिङ्कर खोला उत्तरको गाउँहरू हिमालको तल्लो भेग र पहाडी भागमा बसेका मानिसहरूको गोठ बस्तीहरू थिए । विकट पर्वतीय क्षेत्र भएकाले सामान्य जीवनयापनका लागि त्यो क्षेत्र छानिँदैनथ्यो । त्यहाँ ब्रिटिस सरकारको सैनिक सक्रियता पनि थिएन । यस सन्दर्भमा एउटा ऐतिहासिक निर्देश र चिठीपत्रहरू यहाँ प्रासाङ्‌गिक छन् । सुगौली सन्धिको लगतै कालीपूर्वमा पर्ने 'व्यास प्रगन्ना' का सारा गाउँहरू र त्यही प्रगन्नाका भोटिया जातका जमिनदारहरूले पहिले जस्तै ब्रिटिस शासनअन्तर्गत रहन पाऊँ भनी दिएको निवेदनमा २२ मार्च १८१७ मा ब्रिटिस भारत सरकारका कार्यवाहक मुख्य सचिव जे आदमले कुमाउँको कार्यवाहक कमिसार जी. डब्लु

ट्रेललाई लेखेको निर्देशन पत्रमा ती गाउँहरू र जमिन नेपाललाई हस्तान्तरण गर्नैपर्छ भन्ने कुरा स्पष्ट पारिएको छ । त्यस्तै त्यही पत्रमा कालीपूर्व पर्ने व्यास प्रगन्नाका सारा गाउँ र जमिन पहिले कुमाउँ प्रान्तअन्तर्गत पर्ने भए तापनि अब सुगौली सन्धिअनुसार ती नेपालअन्तर्गत पर्दछन् र ती गाउँहरू नेपाललाई सुम्पन आनाकानी गर्न एकदमै अवाञ्छनीय छ भन्ने कुरा उल्लिखित छ । भारतको सर्भेमा काम गरेका J. B. Tassin ले आफ्नो पदबाट अवकाश भएपछि सन् १८३७ मा प्रकाशन गरेको 'जियोग्राफिकल प्रोस्पेक्टस अफ कुमाउँ' भन्ने पुस्तकमा देखाइएको नक्सामा कुटियाङ्दीलाई काली नदी मान्नुका साथै सीमा पनि उल्लेख गरेका छन् । यी सबै तथ्यहरूले त्यस बेलाको यथार्थलाई प्रतिविम्बित गर्छन् ।

- नेपाल भारतको सीमाको अध्ययन गर्दा के देखिन्छ भने प्रविधिको विकास नभएकाले लामो समयसम्म क्षेत्रगत नक्साहरूमात्र बनाउने प्रचलन थियो । एकीकृत नक्सा थिएन । वार्तामा बस्ने भारतका कर्मचारीहरूले विवादका लागि विवाद तेर्साउने गरेका थिए । यसरी विवाद खडा गर्दै जाने तर आफ्नो स्वार्थ नछाड्ने उनीहरूको बलमिचाहा प्रवृत्ति देखिन्छ । ऐतिहासिक तथ्यलाई आधार मान्ने हो भने नेपाल र चिन सरकारले सन् १९६१ मा सन्धि गर्दा र सन् १९६३ मा सीमाङ्कन गर्दा आधार मानेको सन् १८५६ को सर्भे अफ इन्डियाले प्रकाशन गरेको नक्साले लिम्पियाधुराबाट आउने कुटियाङ्ग्दीलाई नै काली मानेको छ । यो नक्सा सन् १८५० को सर्भे अफ इन्डियाले बनाएको नक्सामा आधारित मानिन्छ । हामीले बिर्सन नहुने एउटा ऐतिहासिक तथ्य के हो भने सुगौली सन्धिपछि नेपालमा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर थपिए । यसका लागि नेपाल सरकार र इस्ट इन्डिया कम्पनी सरकारबिच १८६० मा पूरक (प्रत्यावर्तन) सन्धि भयो । पुराना नक्साहरूको अध्ययन गर्दा १८१९, १८२७, १८४६, १८५६, १८५९ र १८६० सम्म प्रकाशित सबै नक्साहरूमा एउटा नदीलाई मात्र काली नदी भनिएको छ र त्यसको उत्पत्तिमा नै लिम्पियाधुरा देखाइएको छ ।
- कुनै नदीको उद्गम पहिचान गर्न विवाद खडा भएमा जलप्रविधि शास्त्रको सहयोग लिने प्रचलन छ । नदीको उद्गम र विकासलाई हेर्दा जल विज्ञान शास्त्रले मूलतः चारओटा कुरालाई ध्यानमा राख्दछ । पहिलो नदीको निकास विन्दुदेखि यसको उद्गमसम्मको दुरी, दोस्रो जलाधार क्षेत्र, तेस्रो बगिरहेको पानीको आयतन र चौथो नदीको क्रमागत अर्डर (शृङ्खलाबद्ध क्रम) । यो तथ्यलाई आधार मानेर गुन्जी दोभानमा मिसिएको लिपुनाला र कुटियाङ्दीलाई तुलना गर्दा कुटियाङ्ग्दी नै महाकाली नदीको मूल मान्नुपर्छ । उद्गमदेखि दोभानसम्म कुटीको दुरी अनुमानित ६६.७८ किलोमिटर, लिपुको २४.२१ किलोमिटर जलाधार क्षेत्र भएकाले लिपुको भन्दा कुटीको करिब २.८ गुणा बढी र नदीको शाखा उपशाखा मिसिएर बग्ने नदीको क्रमागत अर्डर (शृङ्खलाबद्ध क्रम) पनि कुटीको नै मूल छ ।

उल्लिखित ऐतिहासिक तथ्यहरू साझा प्रमाणहरू हुन् । नेपालसँग थप तीनओटा बलिया प्रमाणहरू छन्,

जसले अहिले भारतीय सेनाले आधिपत्य जमाएका कुटियाङ्दी वारिका जमिन हाम्रा थिए भन्ने मूल प्रमाणलाई सहयोग पुऱ्याउँछ । पहिलो, कालापानी क्षेत्रमा भारतीय सुरक्षा क्याम्प बस्नुअघि वि. सं. २०१८ सालसम्म पनि लिपुनाला पारिका र कुटियाङ्दी वारिका गुन्जी, नाभी र कुटी जस्ता गाउँमा नेपाल सरकारको तर्फबाट जनगणना गरेको तथ्यलाई तत्कालीन जनगणना अधिकृत भैरव रिसालले अझै पनि प्रस्तुत गरिरहनुभएको छ । दोस्रो, हाम्रा अध्येताहरूले जम्मा गरेका सामग्रीमा के पनि भेटिन्छ भने बैतडी मालमा हालसम्म सुरक्षित कागजातबाट त्यस्तो एउटा मोठ कागजातको सबुत प्रमाण उपलब्ध भएको छ, जसले विक्रम संवत् १९९७ साल मङ्सिर २७ गते सम्म पनि छाङरु, टिङ्कर, बुदी, गुन्जी, गर्ब्याङ, नब्याल गाउँको तिरो बैतडीमा तिरिन्थ्यो । यी गाउँहरू मिलेर बनेको क्षेत्रलाई 'व्यास गोर्खा' भनिन्थ्यो र यो तिरो बैतडी नापी मुख्य अफिसर अड्डामा फर्सोट गरिएको थियो । तेस्रो, योगी नरहरीनाथद्वारा प्रकाशित "सन्धि पत्र सङ्ग्रह" मा दिइएको सन् १८१७ को "१२ व्यास १४ चौदाशका टिङ्कर र छाङ्रु दुई गाउँलाई सूचना" भन्ने कौषीतोषाखानाबाट प्राप्त ऐतिहासिक पत्रले पनि कालीपूर्वका ती गाउँहरू सुगौली सन्धिको लगतैपछि नेपालको अधीनमा थिए भन्ने पुष्टि हुन्छ ।

हुन त यो लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रको विषयमा केन्द्रित पुस्तक भएकाले अन्य अतिक्रमित क्षेत्रको विवरण यसमा उल्लेख छैन । अध्येताहरूले साना ठुला गरी धेरै स्थानमा हाम्रो सीमा मिचिएका तथ्यहरूलाई सार्वजनिक गरिसक्नुभएको छ । दुई देशका वार्तामा बसेकाहरूले विवादित भनिएका दुई स्थान टुङ्गो लगाउन बाँकी रहेको स्विकारेका थिए । त्यसमध्ये लिम्पियाधुरा, कालापानी र लिपुलेक केन्द्रीय स्तरबाटै कब्जा गरिएको रणनीतिक महत्त्वको अतिक्रमण हो भने स्थानीय प्रशासनबाट अतिक्रमण गरिएको सुस्ता क्षेत्रले पनि धार्मिक र अन्य कोणबाट विशेष महत्त्व राख्दछ । नदीले धार परिवर्तन गर्दा देखिएका समस्याबाहेक जनस्तरबाट दशगजा र स्थानीय भूमि मिचिएका तथ्यलाई अझै अनुसन्धान गर्न जरुरी छ ।

मुख्यतः सीमाको राष्ट्रिय मुद्दालाई बुझाउने क्रममा इतिहास, भूगोल र नापीका सिद्धान्तहरू यस पुस्तकले समेटेको छ । इतिहासलाई पनि हामीले विचार शृङ्खलाकै रूपमा बुझ्नुपर्दछ । हामीले पढाउँदै आएको इतिहासको कैयौँ विषयमा फरक ढङ्गले लेख्ने र मतभेद राख्ने पात्र र प्रवृत्ति पनि छन् भन्ने सच्चाइलाई पनि हामीले बिर्सनु हुँदैन । यो पुस्तकको मूल पक्ष त्यो नभएकाले त्यसको यहाँ उल्लेख गरिएको छैन तर हामीले पढ्दै र पढाउँदै आएको इतिहासको सन्दर्भमा अर्को एउटा सच्चाइप्रति हाम्रो ध्यान जान जरुरी छ । लामो समयसम्म हाम्रो इतिहासबारे विदेशीहरूले लेखिदिएको वा बोलिएका आधारमा धारणा बनाउने गरिएको थियो । यसलाई बदल्नै पर्दछ । तत्कालीन इस्ट इन्डिया कम्पनीले १ नोभेम्बर १८१४ का दिन नेपालमाथि एकतर्फी युद्ध घोषणा गऱ्यो । नेपालले त्यसको प्रतिकार गऱ्यो । नेपाल अङ्ग्रेज युद्धमा भएका किल्लाहरूमध्ये बुटवलको जितगढी किल्ला एक थियो । इस्ट इन्डिया कम्पनीलाई पराजित गर्न सफल बुटवलको जितगढी किल्लाको नेतृत्व उजिरसिंह थापाले गर्नुभएको थियो । सुगौली सन्धिपछि नेपाल अङ्ग्रेज युद्धको इतिहास पनि उपनिवेशवादीहरूले नै लेखे । देशलाई

विजयी बनाएर २९ वर्षको उमेरमा मृत्युवरण गरेका उजिरसिंह थापा त्यो समरका नायक थिए तर उनको सफलताका बारे इतिहासमा त्यति उल्लेख हुँदैन । यसो पनि भनिन्छ नेपाल अङ्ग्रेज युद्धका नायकहरूप्रति इतिहासले न्याय गरेको छैन । त्यसैले इतिहासको पनि पुनर्लेखन जरुरी छ भन्ने विचारलाई पनि ध्यान दिन जरुरी छ ।

यो पुस्तकको मुख्य विषय बुझाउन हाम्रा अध्येयताहरूले राजनीतिक भूगोल (Political Geography) को सहयोग लिनुभएको छ । भूगोलको सहयोग विना सिमा बुझिँदैन । नाप नक्सा नगरी सीमाङ्कन गर्न सकिँदैन । सीमा र भूगोल एकदमै अन्तरसम्बन्धित छन् । सीमा निर्धारण भूगोलको आधारमा मात्र गर्न सकिन्छ । हुन त पहिले सर्भेको पढाइ भूगोलबाटै गरिन्थ्यो । अहिले भूमापन विज्ञान (Geometrics) जस्ता विशिष्टीकृत पढाइ हुने गरेका छन् । भूगोल र भूमापन विज्ञान (Geometrics) का महत्त्वपूर्ण सिद्धान्तहरूलाई सङ्क्षिप्तमा भए पनि उल्लेख गरेर विद्यार्थीलाई नक्साङ्कनअघि राजनीतिक सहमति गर्ने प्रक्रियादेखि सीमाङ्कन गर्न नक्सा बनाउने विषयलाई पनि समेटेकाले पुस्तकले आधारभूत विषयलाई समेट्न खोजेको छ । पठनपाठनका लागि उल्लेख गरिएका सन्दर्भ सामग्रीलाई राम्रोसँग अध्ययन गरेमा शिक्षक, विद्यार्थी र अनुसन्धानकर्ताहरूको ज्ञानको स्तर अझ माथि उठ्ने छ । मलाई विश्वास छ पुस्तकले विद्यार्थी र शिक्षकमा ज्ञानको प्यास त जगाउने नै छ, त्यसको साथै देशको राष्ट्रियता, स्वाधीनता र भौगोलिक अखण्डता रक्षा गर्न बल प्रदान गर्ने छ ।

विगतका तितामिठा सम्झनामा मात्र नअल्मलिई भविष्यको सुनिश्चित मार्गचित्र बनाउनु हाम्रो आजको आवश्यकता हो । हामीले हालसालै नेपालको भूगोललाई समेटेर राष्ट्रको नक्सा अद्यावधिक र सार्वजनिक गर्दै भूगोलको चार किल्लालाई वैधानिकतामा मापन गरेका छौं । यो उपलब्धिलाई समेटेर हामी राष्ट्रको भूगोलमा भएका विवादलाई कालान्तरसम्ममा समाधान गर्दै राष्ट्रको माटोलाई तलवितल हुन नदिने अठोटका साथ अघि बढ्ने छौं भन्ने विश्वासका साथ पुनः पाठ्यक्रम विकास केन्द्रको प्रस्तुत कार्यलाई सहृदय सराहना गर्छु ।

वि.स. २०७७ आषाढ

गिरिराजमणि पोखरेल
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# हाम्रो भनाइ

राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवं जिम्मेवार नागरिक तयार गर्ने शिक्षाको उद्देश्य रहेको छ । आफ्नो राष्ट्र, राष्ट्रियता र भौगोलिक अखण्डताको संरक्षणका लागि आमजनताको सजगता र संवेदनशीलता महत्त्वपूर्ण हुन्छ । भूपरिवेष्टित अवस्थिति र संवेदनशील भूराजनीतिक अवस्थामा रहेको नेपालको सिमाना जोडिएका छिमेकी मुलुकहरूसँग बेलाबेलामा सीमासम्बन्धी समस्याहरू देखा पर्ने गरेका छन् । त्यस्ता कतिपय समस्याहरूको उचित तरिकाले समाधान गरिएका छन् भने कतिपय समस्याहरू समाधान गर्न बाँकी छ । नेपालको सीमा व्यवस्थापन तथा सुरक्षाका सम्बन्धमा विभिन्न समयका सरकारलगायत राजनीतिक तथा सामाजिक तहबाट कार्य हुँदै आएकामा विगत केही दशकदेखि यस विषयमा सङ्गठित रूपमा विभिन्न तहबाट प्रयास भएका छन् । यही सिलसिलामा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूबाट आफ्नो राजनीतिक जीवनका विभिन्न चरणमा नेपालको 'सीमा बचाऔँ अभियान' मा सहभागी भएको सन्दर्भ र अनुभवका आधारमा समेत यस विषयमा सबैलाई सुसूचित गराउन पाठ्यक्रम विकास केन्द्रमार्फत विद्यार्थीहरूसम्म पुग्ने सामग्री तयार पार्न आवश्यक भएको कुरा निर्देश भएको थियो । यसै सन्दर्भमा आफ्नो मुलुकको भूभाग र सिमानाको बारेमा बालबालिकाहरूलाई विद्यालयतहदेखि नै आवश्यक जानकारी गराई सुसूचित गराउँदै जाने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ ।

गत २ नोभेम्बर, २०१९ मा भारतले एकतर्फी रूपमा जारी गरेको नक्सामा लिपुलेक-कालापानी-लिम्पियाधुरासिहतको नेपालको भूभागलाई भारतीय क्षेत्रमा देखाएको र उक्त भूभागमा सडकसमेत बनाएको घटनाक्रम बाहिर आएपछि लिपुलेक-कालापानी-लिम्पियाधुरासहितको भूभाग के कसरी नेपालको नक्सामा समावेश गर्न सकिन्छ, हाम्रा पाठ्यपुस्तकलगायतका पाठ्यसमग्रीहरूमा नेपालको सीमासम्बन्धी विषयवस्तु समावेश गर्न के के गर्नुपर्छ र विद्यार्थी तथा आमजनसमुदायमा नेपालको सीमासम्बन्धी वास्तविक अवस्थाको जानकारी कसरी गराउन सकिन्छ भन्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यूले माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पदाधिकारीहरू र पाठ्यक्रम विकास केन्द्रसँग छलफल गर्नुभएको थियो । यसै क्रममा माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यूको अध्यक्षतामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय पद्मा अर्याल, नापी विभागका महानिर्देशक, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, सहसचिव तथा विभागीय निकायका प्रमुख, सीमाविज्ञ, विश्वविद्यालयका भूगोलविद्लगायतको सहभागितामा विभिन्न मितिमा बैठक बसी मुलुकको भूभाग र सिमानाको रक्षा र विशेष गरी कालापानी लिपुलेक विवादको विषयमा शिक्षा क्षेत्रबाट गरिनुपर्ने कार्यका बारेमा छलफल गरी सम्बन्धित विज्ञहरूबाट रायसुझाव लिइएको थियो ।

यसैबिच नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा लिपुलेक-कालापानी-लिम्पियाधुरासहितको भूभाग समावेश गरी नक्सा जारी गर्ने भन्ने उल्लेख भएको र सरकारले सोअनुसारको नक्सा जारी गरिसकेको सन्दर्भ तथा नेपालको सङ्घीय संसद्बाट जारी भएको नक्सासहितको निशान छाप संविधानमा समावेश गरिसकेकाले अद्यावधिक नक्सा र उक्त विषय यस सामग्रीमा समावेश गरिएको छ । यस पुस्तिकाको विकासको क्रममा माननीय मन्त्रीज्यूको अग्रसरतामा केही सांसदज्यूहरू, विभिन्न राजनीतिक नेतृत्वमा रहेका व्यक्तिहरू, सीमाविद्हरू एवम् अन्य सरोकारवालाहरूसँग रायपरामर्शसमेत माग गरी ती सुझावहरूलाई पनि समावेश गरिएको छ । यस कार्यमा सीमाविज्ञ श्री बुद्धिनारायण श्रेष्ठ, श्री श्याम श्रेष्ठ, श्री जगत् भूसाललगायत सम्बन्धित विज्ञहरूबाट रायसुझावहरू प्राप्त भएका थिए ।

यस पुस्तिकाको लेखन श्री केशवराज ढकाल, श्री शेरबहादुर गुरुङ र श्री कोमलचन्द्र बराल सम्मिलित कार्यदलबाट भएको हो । यस कार्यको संयोजन श्री प्रेम भट्टराईबाट भएको हो । यसको भाषा सम्पादन श्री गणेशप्रसाद भट्टराई र लेआउट डिजाइन श्री खडोस सुनुवारले गर्नुभएको हो । यस सामग्रीको विकासमा पाठ्यक्रम विकास केन्द्रका तत्कालीन महानिर्देशक डा. लेखनाथ पौडेल एवम् वर्तमान महानिर्देशक श्री केशव प्रसाद दाहालको विशेष योगदान रहेको छ । यस पुस्तिकाको विकासमा निरन्तर मार्गदर्शन गर्नुहुने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । साथै लेखन कार्यदलमा रहनुभएका लेखक तथा रायसल्लाह दिई योगदान गर्नुहुने सबैमा पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

यस पुस्तिकालाई सामाजिक अध्ययन, इतिहास, भूगोललगायतका विषयको अध्ययन, अध्यापन र सहजीकरणका सिलसिलामा सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिने छ । सामग्रीको बोधगम्यतालाई दृष्टिगत गरी उद्धरण गरिएका सामग्रीहरूको स्रोत तथा सन्दर्भ ग्रन्थहरूको सूचीमात्र पुस्तिकाको अन्त्यमा समावेश गरिएको छ । यस पुस्तिकाले विशेष गरी माध्यमिक तहका विद्यार्थीहरूलाई नेपालको निर्माण र एकीकरण, सिमाना जोडिएका छिमेकी मुलुकहरूसँगको सम्बन्ध, नेपालको सिमाना र सिमानासम्बन्धी विवाद रहेका विषयहरू, विवाद समाधानका उपायहरू र यससँग सम्बन्धित समसामयिक जानकारी दिने छ । यस पुस्तिकाले सिमानाको संरक्षण र व्यवस्थापन गर्ने एवम् राष्ट्रको भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्ने सम्बन्धमा आवश्यक जानकारी प्रदान गर्नुका साथै उचित धारणा र दृष्टिकोणको विकास गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ । साथै यस सामग्रीमा उल्लेख गरिएका तथ्य र तथ्याङ्कमा सुधार गर्नुपर्ने भएमा पाठक वर्गबाट तथ्य र प्रमाणको आधारमा प्राप्त हुने सुझावहरूलाई आधार मानी आवश्यक परिमार्जन गरिने छ ।

**वि.स. २०७७** **पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|
| **एकाइ एकः ऐतिहासिक सन्दर्भ** | **१** |
| नेपाल शब्दको उत्पत्ति | १ |
| नेपालको प्राचीन इतिहास | १ |
| नेपालको मध्यकालीन इतिहास | ३ |
| पृथ्वीनारायण शाहको एकीकरण अभियान | ४ |
| पृथ्वीनारायण शाहपछि नेपालको विस्तार | ६ |
| विशाल नेपालको निर्माण र सङ्कुचन | ८ |
| **एकाइ दुई : सिमानाको परिचय र सिद्धान्त** | **१०** |
| सिमानाको परिचय | १० |
| अन्तर्राष्ट्रिय सीमाको अवधारणा | १० |
| सीमा व्यवस्थापन विधि | १२ |
| अन्तर्राष्ट्रिय सीमा सिद्धान्त | १३ |
| (क) प्राकृतिक तत्त्व सिद्धान्त | १३ |
| (ख) बिचनदी सीमा सिद्धान्त | १४ |
| (ग) भोगचलनको सिद्धान्त | १५ |
| (घ) सट्टापट्टाको सीमा सिद्धान्त | १५ |
| (ङ) पारम्परिक सीमा सिद्धान्त | १६ |
| नदी सीमामा उद्गम स्थलको पहिचान | १६ |
| सीमा विवाद | १७ |
| (क) सीमा विवाद हुने कारणहरू | १७ |
| (ख) विवाद समाधानका उपायहरू | १९ |

**एकाइ तीन : नेपालको सीमाना** **२२**

नेपालको सीमा निर्धारण २२

नेपालको छिमेकी मुलुकहरूसँगको सीमा सम्बन्ध २४

(क) नेपाल चीन सीमा सम्बन्ध २४

(ख) नेपाल चीन सीमा विवाद र समाधान २५

(ग) नेपाल भारत सीमा सम्बन्ध २५

(घ) नेपाल भारत सीमा विवाद र समाधान २६

(ङ) नेपाल भारतबिचका सीमा विवादित स्थानहरू २७

**परिशिष्टहरू**

परिशिष्ट १ : नक्साको परिचय र प्रयोग ३३

परिशिष्ट २ : नेपालको भूभाग र सीमासम्बन्धी विषयवस्तु शिक्षण विधि तथा क्रियाकलाप ५०

परिशिष्ट ३ : नेपालको सीमासम्बन्धी सन्धि तथा सम्झौताहरू ५३

परिशिष्ट ४ : कालापानी-लिम्पियाधुरासम्बन्धी आधारभूत प्रमाणहरू ८१

परिशिष्ट ५ : नेपाल-भारतको पश्चिमोत्तर सीमासम्बन्धी विभिन्न नक्साहरू ९३

परिशिष्ट ६ : अल्मोडा गजेट (ई.सं. १९११) मा काली नदीको प्रसङ्ग १०४

परिशिष्ट ७ : सुस्ताको अतिक्रमित भूभागको नक्सा १०६

सन्दर्भ सामग्रीहरू १०७

# एकाइ एक

# ऐतिहासिक सन्दर्भ

## नेपाल शब्दको उत्पत्ति

प्राचीनकालमा हालको नेपालजत्तिकै विस्तारित भूमिलाई नै नेपाल भनिन्थ्यो । एकीकरणपूर्व मल्लकालमा काठमाडौँ उपत्यकालाई नेपाल भनिन्थ्यो । एकीकरणपश्चात् काठमाडौँलाई राजधानी राखियो र नेपाल शब्दले वर्तमान नेपाललाई नै बुझाउन थालेपछि यो नाम व्यापक हुन थालेको पाइन्छ । नेपाल नामको व्युत्पत्ति विभिन्न भाषा, जाति, किंवदन्ती, वशांवली र प्राचीन अभिलेखका आधारमा वर्णन गरिएको पाइन्छ । । विभिन्न अध्ययनअनुसार गोपालवंशी राजाहरूको राज्यकालसँगसँगै नेपाल शब्दको प्रारम्भ भएको मानिन्छ । विभिन्न अध्ययनअनुसार गोपालवंशी राजाहरूको राज्यकालजत्तिकै यो शब्द प्राचीन मानिन्छ । गोपाल वंशमा नेप नामका राजा रहेका थिए । उनकै नामबाट नेपाल नामको उत्पत्ति भएको मानिन्छ । त्यस्तै गोपालवंशीहरूलाई नीप भनिन्थ्यो । उनीहरूको आलय (घर) लाई नेपाल भनिएको भनेर पनि मानिन्छ । संस्कृतमा नीप (पहाडको काख) मा आल (ठाउँ) प्रत्यय जोडी नेपाल रहन गएको मानिन्छ । यस विचारअनुसार यो देशका अधिकांश बासिन्दा हिमालय, महाभारत र चुरे श्रेणीको काखमा रहेकाले नेपाल नाम रहन गएको मानिन्छ ।

नेपाल महात्म्यअनुसार ने नामका ऋषिले यहाँका जनताको लालनपालन गरेकाले यस देशको नाम नेपाल रहन गएको भन्ने वर्णन गरिएको पाइन्छ । त्यस्तै तिब्बती भाषामा 'ने' को अर्थ 'घर' र 'पाल' को अर्थ 'उन' हो । नेपालमा धेरै मात्रामा उन पाइने हुनाले यसको नाम नेपाल (उनको घर) रहन गएको भनिन्छ । नेवारी भाषामा नेपाललाई नेपा भन्ने गरिन्छ । नेपा शब्द मङ्गोल समुदायबाट आएको र 'ल' प्रत्यय लागी नेपाल भएको मानिन्छ । त्यस्तै लेप्चा, लामा र लिम्बु भाषामा नेपालको अर्थ पवित्र गुफा वा पूण्यभूमि हुन्छ । प्राचीनकालदेखि नै यो भूमि धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको हुनाले यसको नाम नेपाल रहन गएको हो । यस्ता विभिन्न स्रोतहरूबाट नेपालको उत्पत्ति, नेपाल शब्द र नेपाल देशको प्राचीनताको पहिचान गर्न सकिन्छ ।

## नेपालको प्राचीन इतिहास

विभिन्न पुरातात्त्विक र भौगर्भिक अन्वेषणका आधारमा नेपालमा परापूर्वकालदेखि नै प्राणी जगत्को निवास रहेको पाइन्छ । काठमाडौँ उपत्यकामा रहेका चट्टानका अवशेषहरूबाट, दाङ उपत्यकामा गरिएको अन्वेषणबाट र तिनाउ खोलामा रामापिथेकसको दाँत फेला परेबाट नेपालमा मानव जातिको उद्भव



चित्र १ : रामापिथेकसको दाँत

भएको कुरा निर्विवाद रहेको छ । हाम्रा प्राचीन धार्मिक तथा ऐतिहासिक ग्रन्थहरूले पनि यस कुराको पुष्टि गरेका छन् ।

लिच्छविकालीन शासन सुरु हुनुभन्दा अगाडिदेखि नै नेपालमा विभिन्न जातिहरू बसोबास गरेको पाइन्छ । नेपाल उपत्यकामा बसोबास गर्ने प्राचीन जातिहरूमा नाग जाति पहिलो मानिन्छ । यी जातिहरू उपत्यकाको छेउछाउमा बस्दथे । विभिन्न पुराणहरूमा नाग जातिको अस्तित्व रहेको कुरा उल्लेख गरिएको पाइन्छ । यी जातिहरू जङ्गली अवस्थामा नै थिए । यस समयसम्म खेतीको विकास पनि भएको थिएन । नाग जातिपछि गोपाल जातिको उपत्यकामा बसोबास भएको थियो । श्रीकृष्णले नाग जातिलाई दमन गरेपछि गोपाल जातिले यहाँको शासन सञ्चालन गरेको पाइन्छ । यस जातिको प्रवेशसँगै नेपालमा पशुपालन र कृषिको पनि थालनी भएको पाइन्छ । नेपालमा बसोबास गर्ने तेस्रो जातिमा महिषपाल अर्थात् अहीर जाति थियो । महिषपालहरूले गोपाल वंशका अन्तिम राजा यक्ष गुप्तलाई युद्धमा हराएर यस वंशको शासनको स्थापना गरे । यस वंशका तीन राजाहरूले दुई सय वर्षसम्म शासन गरेको अनुमान गरिएको छ ।



चित्र २ : यलम्बर

नेपालका आदिवासीहरूमध्ये किराँत जातिको नाम विशेष महत्त्वका साथ लिइन्छ । अनेक धार्मिक ग्रन्थहरूमा किराँत जातिको बारेमा उल्लेख गरिएको पाइन्छ । किराँत जातिका बारेमा रामायण, पुराण, महाभारतजस्ता धार्मिक ग्रन्थमा र कौटिल्यको अर्थशास्त्र आदि प्राचीन ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । किराँत जातिहरूलाई प्राचीनकालका वीर तथा लडाका जातिका रूपमा लिइन्छ । किराँत जातिहरू मुन्धुम मन्त्र उच्चारण गरेर युद्धमा जाने गर्दथे । यिनीहरू युद्धकलामा निपुण मानिन्थे । त्यस समयमा यिनै किराँत जातिका प्रमुख यलम्बरले महिषपालहरूलाई हराई नेपालमा किराँत वंशको स्थापना गरे । यिनीहरूले इसापूर्व पन्ध्रौं शाताब्दी वा चौधौं शताब्दीदेखि छैठौं वा पाँचौं शताब्दीसम्म नेपालमा शासन गरेका थिए ।

प्राचीन कालमा लिच्छविहरूले पाचौं शताब्दी इसापूर्वदेखि आठौं तथा नवौं शताब्दीसम्म शासन गरेको पाइन्छ । प्राचीन कालमा बसोबास गर्ने जातिहरूमा लिच्छवि अत्यन्त सम्पन्न र सुसंस्कृत जाति थिए । नेपालमा शासन गर्ने पहिलो आर्य जाति पनि लिच्छविहरू नै थिए । लिच्छविहरूले आफ्नो प्रभाव तथा पराक्रमद्वारा अन्तिम किराँती राजा गस्तीलाई युद्धमा हराई लिच्छवि राजवंशको स्थापना गरे र प्रथम राजा सुपुष्प भए । लिच्छविकालीन समाज पितृ सत्तात्मक समाज थियो । तर पनि यस समाजमा राजकाजको काममा पुरुषसरह



चित्र ३ : अंशु वर्मा

नारी पनि सहभागी हुने गर्दथे । यस समयमा शिक्षा र धर्ममा पनि नारीहरूलाई पूर्ण स्वतन्त्रता दिएको पाइन्छ । यस समयमा संयुक्त परिवार प्रथा कायम थियो । त्यस बेला परिवारका एक व्यक्तिले हत्या, चोरी, राजद्रोहसम्बन्धी ठुला अपराध गरेमा सम्पूर्ण परिवार दण्डका भागी हुन्थे । अंशुवर्माले यस प्रथालाई रोकेर अपराधीलाई मात्र दण्ड दिने व्यवस्था गरेका थिए । लिच्छवि कालमा धेरै आर्थिक सामाजिक सुधारका कार्यहरू भएका थिए । लिच्छवि काललाई नेपालको स्वर्णयुग पनि भनिन्छ ।

### नेपालको मध्यकालीन इतिहास

नेपालको इतिहासमा नेपाल संवत्‌को थालनीसँगै मध्यकाल सुरु हुन्छ । यस हिसाबले वि.स. ९३६ (सन् ८७९) देखि मध्यकालीन इतिहासको थालनी हुन्छ । यस समयमा नेपालमा देव तथा मल्ल नाम गरेका राजाहरूले राज्य गरेको पाइन्छ । देव नाम गरेका राजाहरू ठकुरी भएको विश्वास गरिन्छ । त्यसपछि मल्लहरूले नेपालको शासन सत्ता आफ्नो हातमा पारेको पाइन्छ । नेपालको इतिहासमा अरि मल्लको नाम पहिलो मल्ल राजाका रूपमा लिइन्छ । मल्ल कालका राजामध्ये जयस्थिति मल्लको सुधार इतिहासमा धेरै उल्लेख भएको पाइन्छ । यिनले प्रशासनिक, आर्थिक र सामाजिक क्षेत्रमा गरेका परिवर्तनको प्रभाव नेपालमा अझै पनि प्रचलनमा रहेको पाइन्छ ।



चित्र ४ : जयस्थिति मल्ल

मल्लकालमा जयस्थिति मल्लले चार वर्ण छत्तिस जातको व्यवस्था गरेको कुरा लेखिएको छ । उनको कार्यकालमा विभिन्न जातिहरूको कामको विभाजन गरिएको थियो । यी विभिन्न जातिहरूको पहिरन तथा वासस्थानसम्बन्धी नियम पनि बनाई जातअनुसार बिहावारी गर्नुपर्ने नियम बनाइएको थियो । त्यस समयमा यौन अपराधलाई कडा अपराधका रूपमा लिइन्थ्यो । मृत्यु संस्कार सम्बन्धमा पनि निश्चित नियमहरूको तर्जुमा गरियो । समाजमा हुने अनियमितता र व्यभिचारलाई रोक्न जयस्थिति मल्लले आर्थिक र शारीरिक दुवै थरी दण्डको प्रावधान मिलाए । उनले भाषा, साहित्य र कलाको विकास गरेर समाजलाई उजागर गर्नेहरूको प्रशंसा गरेका थिए । उनले जग्गाको वर्गीकरण र नापतौलको परिमाण निश्चित गरेका थिए । जयस्थिति मल्लले कानुन तथा समाज व्यवस्थालाई पद्धतिमा ल्याएको र एउटा निश्चित स्थिति बसाएको आधारमा कतिपय इतिहासकारले समाज सुधारक भन्ने गरे पनि नेपाली समाजमा जात प्रथाले सिर्जना गरेको तहगत शृङ्खलाका कारण विकास भएको असमानता र बहिष्करणको विश्लेषण गर्ने विश्लेषकहरूले जात प्रथा र जातका आधारमा हुने विभेदीकरणलाई मान्यता दिने कानुनको प्रारम्भ गरेको भनी आलोचना पनि गर्ने गर्दछन् ।

त्यस्तै मध्यकालमा नै द्रव्यशाहले गोरखामा शाह वंशको शासनको स्थापना गरेपछि नेपालमा विशाल

नेपाल निर्माणको थालनी भएको पाइन्छ । गोरखा राज्यको विस्तारमा रामशाहको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । न्याय नपाए गोरखा जानु भन्ने उखान यिनकै समयदेखि चलेको थियो । समाजमा विद्यमान कुरीतिहरूलाई हटाउँदै उन्नत समाजको सिर्जना गर्न राम शाहले विविध प्रकारका सामाजिक सुधार गरेका थिए । उनले मानिसलाई नभई नहुने कुलो पैनी र पँधेराको व्यवस्था गर्नुका साथै त्यसको प्रयोगसम्बन्धी नियम बनाए । राम शाहले बोक्सीको सम्बन्धमा कसैले आरोप लगाए प्रमाणित गर्नुपर्ने नियम बनाए । आरोप प्रमाणित हुन नसकेमा आरोप लगाउने व्यक्तिलाई आर्थिक दण्ड दिने तथा आरोप प्रमाणित भएमा महिलालाई देश निकाला गर्ने प्रावधान बनाइयो ।

समाजलाई आर्थिक शोषणबाट मुक्त गर्न उनले लेनदेनको विषयमा निश्चित नियम बनाइदिएका थिए । उनले मृत्युदण्डका सम्बन्धमा पनि नयाँ नियम बनाएका थिए । उनले सानातिना मुद्दाका लागि अदालत जानुनपर्ने र स्थानीय पञ्चायतलाई नै मुद्दा छिन्ने अधिकार दिए । उनले बिर्ता भूमि तथा भूमि दान गर्ने सम्बन्धमा पनि नियम बनाएका थिए । राम शाहले नापतौलको माना पाथी ढक तराजुको नयाँ व्यवस्था गरे । उनले व्यापारलाई विविधीकरण गर्ने र समाजलाई व्यापार उन्मुख बनाउने प्रयास गरेका थिए । उनले केही कलाकृति तथा मन्दिरको पनि निर्माण गरे । राजा रामशाहले समाज व्यवस्था तथा कानुनमा सुधार तथा व्यवस्थित गर्ने थुप्रै काम गरेका थिए तापनि जयस्थिति मल्लको जात प्रथामा आधारित कानुन जस्तै व्यवस्थालाई कानुनी मान्यता दिएकाले उनलाई पनि नेपालमा जात प्रथा र जातीय विभेदलाई कानुनी मान्यता दिने अर्को शासकका रूपमा आलोचना समेत गर्ने गरिन्छ ।

**पृथ्वीनारायण शाहको एकीकरण अभियान**


चित्र ५ : पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाहको एकीकरण अभियानअघि नेपालमा जम्मा ५२ ओटा राज्यहरू थिए । वि.सं. १७९९ मा राजा भएपछि पृथ्वीनारायण शाहले एकीकरण अभियान नुवाकोटबाट सुरु गरे । पहिलो पटक पृथ्वीनारायण शाहले नुवाकोट जित्न नसकेपछि वि.स. १८०१ मा दोस्रो पटकको प्रयासमा नुवाकोटमा गोरखाको अधिकार कायम गरे । नुवाकोटपछि पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाका पूर्वतिरका इलाकाहरू विजय गर्न थाले । यस क्रममा साँखु, चाँगु, महादेव पोखरी, नाल्दुम हुँदै दोलखासम्म विजय प्राप्त गरे । वि.सं.१८१४ जेठ १७ गते कीर्तिपुरलाई नियन्त्रण गर्ने प्रयास गरे तर सफल भएनन् । यही क्रममा काभ्रेपलाञ्चोक, चौकोट, कविलासपुरी पनि नियन्त्रणमा लिए । वि.सं. १८१९ भदौ ९ गते गोरखाली फौजले मकवानपुरमाथि विजय प्राप्त गऱ्यो । क्रमशः बारा, पर्सा, सर्लाही, महोत्तरी र उपत्यकाको पूर्वमा भक्तपुरअन्तर्गतका बनेपा, पनौती, धुलिखेल र नाला नियन्त्रणमा आए । वि.सं.

१८२३ मा गोरखाले दोस्रो पटक कीर्तिपुरमाथि नियन्त्रण गर्ने प्रयास गरे पनि सफल हुन सकेन तर पाँगा र चोभार कब्जामा लियो । कीर्तिपुरले वि.सं. १८२३ मा आत्मसमर्पण गऱ्यो र गोर्खालीहरूले कीर्तिपुर आफ्नो नियन्त्रणमा लिए ।

यसरी चारैतिरबाट काठमाडौँ उपत्यकालाई गोरखालीहरूले घेर्दै ल्याएकाले कान्तिपुर, भक्तपुर र पाटनका फौजले मात्र गोरखालीहरूसँग लड्न नसक्ने हुनाले कान्तिपुरका राजा जयप्रकाश मल्लले अङ्ग्रेजसँग सैनिक सहायता मागे । अङ्ग्रेज सरकारले वि.सं. १८२४ भाद्रमा कप्तान किनलकको नेतृत्वमा २४०० फौज नेपालतर्फ पठायो । गोरखाली फौजले सिन्धुलीगढीमा अङ्ग्रेज फौजमाथि एक्कासि आक्रमण गरेपछि अङ्ग्रेज फौज पराजित भयो । उनीहरूले छोडेका हातहतियारसमेत गोरखाली फौजले प्राप्त गऱ्यो । वि.सं. १८२५ असोज १३ गते इन्द्रजात्रा मनाइरहेको समयमा रातको समयमा एक दल पृथ्वीनारायण शाहकै नेतृत्वमा नरदेवीबाट, एक दल भीमसेन स्थानबाट र अर्को दल टुँडिखेलबाट गरी तीनतिरबाट हनुमान ढोकामा आक्रमण भयो । जयप्रकाश मल्ल कुमारीको रथयात्रा हेर्न व्यस्त रहेको बेला एक्कासि आक्रमण गरिएकाले केही समयको सामान्य युद्धबाट कान्तिपुर गोरखाली राजा पृथ्वीनारायण शाहको कब्जामा पऱ्यो । जयप्रकाश मल्ल र पाटनका राजा तेजनरसिंह मल्लले युद्ध गर्ने विचार गरेको भए पनि पृथ्वीनारायण शाह पाटन आउँदा त्यहाँका छ प्रधानहरूले आत्मसमर्पण गरी राजा घोषित गरिदिए । यसरी बिनारक्तपात कान्तिपुर विजय प्राप्त गरेको ११ दिनपछि वि.सं. १८२४ असोज २४ गते पाटनमा पनि पृथ्वीनारायण शाहको अधिकार कायम भयो । राजा जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरको राजदरबारमा नभई दत्तात्रेय मन्दिरमा बसेर भक्तपुरका राजा रणजित मल्लसँग शरण मागे । भक्तपुरका राजाले दुवैलाई भक्तपुर दरबार बोलाए । उता उपत्यकाका तीनओटा राज्यका राजाहरू जयप्रकाश मल्ल, तेजनरसिंह मल्ल र रणजित मल्ल गोरखालीहरूका विरुद्ध भक्तपुरमा युद्धको तयारी गर्दै थिए । भक्तपुरले आत्मसमर्पण गर्न नमानेकाले वि.सं. १८२६ मार्ग १ गते भक्तपुरमाथि आक्रमण गरियो । भक्तपुरका फौजको नेतृत्व जयप्रकाश मल्लले आफैँ गरिरहेका थिए । युद्धपश्चात् भक्तपुर पनि गोरखालीको अधीनमा गयो ।

काठमाडौँ उपत्यका विजयपछि पृथ्वीनारायण शाहले उत्साहित भएर पश्चिमतर्फका चौबिसे राज्यमा आक्रमण गर्ने योजना बनाए । केहरसिंह बस्नेतलाई प्रशस्त फौज दिई पश्चिमी क्षेत्र विजय गर्न पठाइयो । गोर्खालीले छाङ र मानपाङ युद्धबिना कब्जा गर्दै अगाडि बढे । गोरखाली फौजले तनहुँको राजधानी सुरलाई घेरेकाले डराएर त्यहाँका राजा कामारी दत्त सेनले आत्महत्या गरे । उनी नि :सन्तान थिए । उनका भाइ हरिकुमार दत्त सेनले पृथ्वीनारायण शाहको आश्रय स्वीकार गरी गोरखाली विजय अभियानमा सहयोग गर्ने आश्वासन दिए । यसबाट डराएर लमजुङका राजा वीरमर्दन शाहले गोरखाको अधीन स्वीकार गरे । वंशराज पाण्डेको नेतृत्वमा अर्को फौजलाई पृथ्वीनारायण शाहले कास्की आक्रमण गर्न पठाए । त्यो विशाल फौजले कास्कीमाथि आक्रमण गर्दा त्यहाँका राजा सिद्धिनारायण शाहले पृथ्वीनारायण शाहको अधीनमा रहन स्वीकार गरे । वंशराज पाण्डेको विजय अभियान रोक्न पर्वतका राजा

कीर्तिबम मल्लले पल्लो नुवाकोट (हाल स्याङ्जा) र सतहुँलाई आफ्नो पक्षमा मिलाएका थिए । वंशराज पाण्डेले पल्लो नुवाकोटमाथि आक्रमण गरे तर संयुक्त सेनासँग टिक्न नसकेर केहर सिंहको प्रतिक्षा गर्दै स्याङ्जामा बसेका थिए ।

उता केहरसिंह बस्नेत रिसिङ, भिरकोट, गरहुँ, पैयुँ विजय गर्दै जाँदा उनको र वंशराज पाण्डेको फौजको मिलन स्याङ्जामा भयो । गोरखालीहरूको विजय अभियानबाट तर्सेका पर्वतका राजा कीर्तिबम मल्ल र पाल्पाका राजा मुकुन्दसेन द्वितीयले गोरखालीको विरोधमा चौबिसे राजाहरूको एउटा गुट बनाए । त्यस गुटमा तनहुँका हरकुमार दत्त सेन र लमजुङ र कास्कीका राजाहरू पनि सामेल भए । यसरी पर्वत, पाल्पा, तनंहुँ, लमजुङ र कास्कीको संयुक्त सेना गोरखालीको विरुद्ध सतहुँमा भेला भएको थियो । अर्कोतिर वशंराज पाण्डे र केहरसिंह बस्नेतको संयुक्त फौजले सतहुँमाथि आक्रमण गऱ्यो तर यसमा गोरखाली फौज पराजित भयो । केहरसिंह बस्नेत युद्धमा मारिए भने वंशराज पाण्डे थुनामा परे । युद्धमा विजय प्राप्त गर्ने बित्तिकै तनहुँ, लमजुङ र कास्कीले पनि आफूलाई स्वतन्त्र राज्य घोषित गरे । यसरी जितिसकेको पश्चिमी अभियान विफल भयो ।

पश्चिमी अभियान असफल भएपछि पृथ्वीनारायण शाहले पूर्वतिरका क्षेत्रहरू विजय गर्ने योजना बनाए । पूर्वमा कमला क्षेत्रमा चौदण्डी र कोसी क्षेत्रमा विजयपुर दुई स्वतन्त्र राज्यहरू थिए । माझ किराँत, पल्लो किराँत, मोरङ, आठराई, चैनपुर यिनै दुई राज्यको अधिनस्थ थिए । विजयपुर राज्यका मन्त्री बुद्धिकर्ण राईले राजा कामदत्त सेनको हत्या गराई चौदण्डीका राजा कर्ण सेनलाई नै राजा बनाई आफू सर्वेसर्वा भई बसेका थिए । पृथ्वीनारायण शाहले अभिमानसिंह बस्नेत र पारथ भण्डारीलाई पूर्वतिरको विजय अभियानमा पठाएका थिए । पृथ्वीनारायण शाहको फौजले पहिला चौदन्डीमा विजय प्राप्त गऱ्यो । त्यसपछि त्यहाँका राजा कर्ण सेन भागेर विजयपुर पुगेपछि विजयपुरमा पनि आक्रमण हुँदा कर्ण सेन र बुद्धिकर्ण राई पूर्णियातिर भाग्नाले विजयपुर पनि कब्जा गरियो । पूर्वतर्फका अन्य क्षेत्रहरूमा पनि विजय प्राप्त गरियो । सिक्किमले विजयपुरबाट खोसेको क्षेत्र इलाम गोरखाली फौजलाई फिर्ता दियो । यसरी पृथ्वीनारायण शाहको पुर्बी विजय अभियान सफल रहेको पाइन्छ । यसपछि पृथ्वीनारायण शाह पश्चिमी चौबिसे राज्यहरू जित्ने योजना बनाउन नुवाकोट पुगेका थिए । तर वि.सं. १९३१ माघे सङ्क्रान्तिको दिन ५२ वर्षको उमेरमा देवीघाटमा उनको देहावसान भयो । यसरी नेपालको एकीकरणको प्रथम चरण पनि समाप्त भयो ।

### पृथ्वीनारायण शाहपछि नेपालको विस्तार

पृथ्वीनारायण शाहका प्रतापसिंह शाह र बहादुर शाह दुई छोरा थिए । पृथ्वीनारायण शाहको निधनपछि उनका जेठा छोरा प्रतापसिंह शाह राजा भए । पृथ्वी नारायण शाहले पूर्वी क्षेत्र विजय प्राप्त गरेको भए पनि चौदन्डीका मन्त्री बुद्धिकर्ण राई भारत पुगी आफ्नो क्षेत्र फिर्ता लिने प्रयासमा थिए । अभिमानसिंह बस्नेतले उनलाई समातेर नेपाल ल्याए र विजयपुरका राजा कामदत्त सेनको हत्या गरेको अभियोगमा उनको हत्या गरियो । प्रतापसिंह शाहको दुई वर्ष १० महिनाको शासन कालमा चितवनको चुरे क्षेत्रमा

पर्ने सोमेश्वर गढीमात्र गाभ्न सके । वि.सं. १८३४ मङ्सिर ६ गते उनको अल्पायुमै मृत्यु भयो । त्यसपछि उनका अढाई वर्षका छोरा रणबहादुर शाह नेपालका राजा भए । उनकी आमा राजेन्द्रलक्ष्मीले रणबहादुर शाहलाई काखमा लिएर राज्य सञ्चालनको अभिभारा लिइन् । दाजुको निधनपछि बहादुर शाह नेपाल आए । उनीहरूले देवरभाउजु मिलेर संयुक्त शासन सञ्चालन गर्दै थिए । नेपाल दरबारमा गृह कलहको स्थिति देखा परेकाले पर्वत, पाल्पा, लमजुङ, तनहुँ र कास्की मिलेर एउटा संयुक्त फौज खडा गरेका थिए । संयुक्त फौजका गणपति गरुडध्वज पन्त बनाइएका थिए ।


चित्र ६ : राजेन्द्रलक्ष्मी

गोरखाली फौजले लमजुङमाथि आक्रमण गऱ्यो तर सफल हुन सकेन । संयुक्त फौजले गोरखाको सिह्रानचोक कब्जा गऱ्यो । तर पछि गोरखाली फौजले संयुक्त फौजलाई त्यहाँबाट लखेट्यो । त्यसपछि गोरखालीले लमजुङ मातहतको रागीनास कब्जा गरे । यसपछि गोरखाली फौजले तनहुँ, लमजुङ, कास्की कब्जा गर्दै गए । अन्य ससाना राज्य गह्रौं, सतौं, रिसिङ, भिरकोटजस्ता राज्यहरू नेपालमा गाभिए । अब पश्चिममा पर्वत र पाल्पा मात्र शक्तिशाली राज्य बाँकी थिए । राजेन्द्रलक्ष्मीले अभिमान सिंह बस्नेतलाई पाल्पामाथि र काजी नरु शाहलाई पर्वतमाथि आक्रमण गर्न पठाइन् । पर्वते सेनाका कमान्डर गणेश मल्ल बन्दी बनाइए । कास्कीले पछि पर्वतलाई सहयोग पुऱ्याएकाले कास्कीमाथि पुनःआक्रमण गऱ्यो र विजय प्राप्त गऱ्यो । यसरी विजय अभियानमा लागेकी राजेन्द्रलक्ष्मीको आठ वर्षको नायवी शासन काल निकै महत्त्वपूर्ण रहन पुग्यो । रणबहादुर शाह दश वर्ष पुग्दा नपुग्दै वि.सं. १८४२ श्रावण २ गते राजेन्द्रलक्ष्मीको निधन भयो । त्यस नायवी शासन कालमा राजेन्द्रलक्ष्मीले देखाएको धैर्य, साहस, परिश्रम र दूरदर्शिताबाट उनी एक वीरङ्गना नारीको रूपमा चित्रित भएकी छन् । विशेष गरी शक्तिशाली चौबिसे राज्यहरू कास्की, लमजुङ र तनहुँलाई जितेर आफ्ना ससुरा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान दिइन् ।

राजेन्द्रलक्ष्मीको निधनपछि पृथ्वीनारायण शाहका कान्छा छोरा बहादुर शाहले रणबहादुर शाहको नायव भई कार्य गर्न थाले । राजेन्द्रलक्ष्मीको मृत्यु हुँदा बालक राजा रणबहादुर शाह १० वर्षका थिए । २७ वर्षीय बहादुर शाहले आफ्ना बुबाबाट राजनीतिक ज्ञान पाएका थिए भने प्रवासमा बस्दा अङ्ग्रेजका गतिविधिबारे पनि अवगत थिए । यिनले आफ्नो बुद्धिमत्तापूर्ण नौ वर्षे नायवी कालमा तत्कालीन नेपालको क्षेत्रफलभन्दा तीन गुणा क्षेत्र एकीकरण गराए । उनले गुल्मी, अर्घाखाँची र पाल्पाबिचमा फुट पैदा गराई गुल्मीमाथि आक्रमण गरी विजय प्राप्त गरे । त्यही सेनाबाट चन्द्रकोट, अर्घाखाची, धुरकोट र कुस्मा आफ्नो अधीनमा पारे । मुस्ताङ, गलकोट र भिरकोटमा युद्ध नगरी कब्जा भयो । यसरी उनको

एकीकरण अभियानको ६ महिना नबित्दै पाल्पाबाहेकका सम्पूर्ण चौबिसे राज्यहरूमा गोरखाली सेनाको कब्जा भयो ।



चित्र ७ : बहादुर शाह

एकीकरणको अभियानमा संलग्न बहादुर शाहको सेनाले बाइसे राज्यमा आक्रमण गर्न थाल्यो । शक्तिशाली बाइसे राज्य जुम्ला आक्रमण गर्दा दुई वर्षसम्म युद्ध चलेको थियो । दुई वर्षपछि जुम्लामाथि विजय प्राप्त भयो । त्यसपछि दुल्लुका राजा उत्तम शाहीले गोरखाली फौजलाई स्वागत गरेर उनी पनि अमरसिंह थापासँगै गोरखाली अभियानमा लागे । बझाङले गोरखालीको अधीनमा रहन स्वीकार गऱ्यो भने डोटीमाथि आक्रमण गरी विजय प्राप्त गरियो । अछाममाथि आक्रमण गरी विजय प्राप्त गरियो भने दर्नाले पनि नेपालको अधीनमा जान स्वीकार गऱ्यो । यसरी नेपालको सिमाना महाकाली नदीसम्म पुग्यो । चौबिसे र बाइसे राज्यहरूमाथिको विजयपछि बहादुर शाहले विजयोत्सव मनाए ।

### विशाल नेपालको निर्माण र सङ्कुचन

गोरखाली फौजले महाकाली नदी पारी कुमाउँमा वि.सं. १८४८ मा आक्रमण गरी विजय प्राप्त गऱ्यो । त्यसपछि गढवालको राजधानी श्रीनगर कब्जा गरियो । पश्चिममा नेपाली फौज अलकानन्दसम्म पुग्यो । नायब बहादुर शाहको समयमा गढवाललाई आश्रित राज्य बनाई प्रतिवर्ष रु. ९०००/- तिर्ने गरी नेपाली सेना फर्केका थिए । पूर्वतर्फ मेची नदी पारि टिस्टासम्म नेपाली सेना पुगेको थियो । त्यही बेला नेपाल तिब्बत युद्ध हुने भएकाले नेपाली फौज गढवालसँग सन्धि गरी राजधानी फर्कियो । यसरी उनले विशाल नेपाल निर्माण गरेको पाइन्छ ।




चित्र ८ : विशाल नेपाल

रणबहादुर शाहले अमरसिंह थापा, भक्ति थापा र हस्तिदल

शाहको नेतृत्वमा गढवाल कब्जा गर्न फौज पठाए र गढवाल नेपालको कब्जामा आयो । वि.सं. १८६३ वैशाख १६ गते भीमसेन थापा मुख्तियार बने र देशको सम्पूर्ण शासन भीमसेन थापाबाटै चल्न थाल्यो । भीमसेन थापाले बहादुर शाहले समेत एकीकरण गर्न नसकेको शक्तिशाली चौबिसे राज्य पाल्पा नेपालको अधीनमा ल्याए । भीमसेन थापाले पृथ्वीनारायण शाहकी छोरीको राज्य सल्यान समेत विशाल नेपालमा मिलाए ।


चित्र ९ : भीमसेन थापा

वि.सं. १८७१ मा भीमसेन थापाकै पालामा भारतको अङ्ग्रेज कम्पनी सरकारले बुटवल र स्युराज दुईओटा प्रदेशहरूको विवाद उठाई नेपालमाथि आक्रमण गर्‍यो । त्यस युद्धमा नेपालीहरूले वीरता देखाए पनि अङ्ग्रेजहरूका आधुनिक हतियार सामु केही लागेन । फलस्वरूप वि.सं. १८७३ (ई.स. १८१६) मा नेपाल र अङ्ग्रेज सरकारबिच सुगौली सन्धि भयो । सुगौली सन्धिबाट नेपालको भूभाग खुम्चन पुग्यो । सन्धिको सात महिनापछि नेपालले राप्तीदेखि कोसीसम्मको समतल भूभाग फिर्ता पायो । यसबाट पूर्वमा मेची, पश्चिममा महाकाली, उत्तरमा हिमालय र दक्षिणमा भारत सीमा कायम भयो । पछि जङ्गबहादुरको पालामा वि.सं. १९१४ मा भारतमा सिपाही विद्रोह भएको समयमा जङ्गबहादुरले अङ्ग्रेज सरकारलाई सहयोग गरेबापत वि.स. १९१७ मा नेपाललाई नयाँ मुलुक भनिने गरेको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर प्राप्त भयो ।

यसरी नेपालको एकीकरणको प्रयास पृथ्वीनारायण शाहको नेतृत्वमा गोरखाबाट प्रारम्भ भएको पाइन्छ । पृथ्वीनारायण शाहले सुरु गरेको एकीकरण अभियान राजेन्द्रलक्ष्मी, बहादुर शाह, रणबहादुर शाह हुँदै भीमसेन थापाबाट पूरा भयो । एकीकरण अभियानका क्रममा नेपालको सिमाना पूर्वमा टिस्टा तथा पश्चिममा किल्ला काङ्गडा र सतलजसम्म पुगेको थियो । साना साना भुरे टाकुरे राज्यमा विभक्त भूखण्डलाई समेटी शक्तिशाली राज्यमा एकीकृत र सङ्गठित गर्न वि.सं. १८०१ को नुवाकोट विजयदेखि सुरुभई वि.सं. १८७३ (सन् १८१६) सम्म जम्मा ७३ वर्ष लागेको थियो ।

# एकाइ दुई
# सिमानाको परिचय र सिद्धान्त

## सिमानाको परिचय



चित्र १० : सीमास्तम्भ

कुनै एक व्यक्ति, समूह, सङ्घसंस्था, राज्य वा राष्ट्रको स्वामित्वबाट अर्को व्यक्ति, समूह, सङ्घसंस्था, राष्ट्र, राज्य वा मुलुकको स्वामित्वमा रहेको जमिनको बिचको भिन्नता देखाउन प्रयोग गरिने धरातलीय रेखालाई सिमाना भनिन्छ । बोलीचालीको भाषामा यसलाई सीमा वा साँध भन्ने गरिन्छ । यस्तो धरातलीय रेखाले एउटा छेकबार वा पर्खालको काम गर्दछ तथा फरक स्वामित्व वा अस्तित्व देखाउँछ । यस्तो सिमाना जमिन माथि आकाशमा १०० किलोमिटर सम्म र जमिनमुनि पृथ्वीको केन्द्र भागसम्म रहेको मानिन्छ । आकाशमा १०० किलोमिटरभन्दा माथि आकाश मार्गका लागि छोडिन्छ । यस्तो सीमा यदि दुई वा सोभन्दा बढी मुलुकको बिचमा रहेको छ भने त्यसलाई अन्तर्राष्ट्रिय सिमाना भनिन्छ । यस्तो धरातलीय रेखालाई दुई सँधियारबिच हुने सन्धि वा सम्झौतामा शब्दद्वारा वर्णन गरिन्छ । चार्ट वा नक्सामा विभिन्न सङ्केतचिह्नद्वारा अङ्कन गरेर देखाइन्छ । जमिनमा नक्साअनुसार स्तम्भ, पर्खाल, सडक, खाली जग्गा, तारबार आदि विभिन्न भौतिक सङ्केतहरू निर्माण गरी व्यवस्थापन गरिन्छ । कुनै दुई देशबिच भएको सीमारेखाको दुबैतर्फ छोडिएको दश, दश गज चौडा भूभागलाई दशगजा (No man's land) भनिन्छ । नेपाल र भारतका बिच दशगजाको खाली भूभागलाई दुई देशबिचको सिमानाको रूपमा कायम गरिएको छ ।

## अन्तर्राष्ट्रिय सीमाको अवधारणा

कुनै एक देशलाई अर्को देशसँग छुट्याउन ती दुई देशका बिच रहेका भौतिक सीमा सङ्केतहरूलाई एकआपसमा जोडी एउटा खास रेखाको अङ्कन गरिएको हुन्छ । यस रेखालाई ती दुई देशबिचको सीमारेखा (border line) भनिन्छ । वर्तमान विश्वमा देश बिचको सिमाना अन्तर्राष्ट्रिय कानुनअनुसार नियमन गरिएको हुन्छ । सिमाना स्पष्ट हुनका लागि निश्चित मापदण्ड र आधार पनि अन्तर्राष्ट्रिय कानुन र कतिपय अवस्थामा देशहरूका बिचमा दुई पक्षीय सम्झौताबाट निश्चित गरिएका हुन्छन् ।

सिमाना जमिन, पहाड, नदी वा खोलाले छुट्याएको हुन सक्छ । सीमारेखाहरू कुनै विन्दुमा जोडिएका हुन्छन् । यस्ता सीमाविन्दुहरूमध्ये केही त्रिदेशीय तथा चतुर्देशीय पनि हुन सक्दछन् ।

कुनै पनि अन्तर्राष्ट्रिय सिमानाले दुई देशबिचको भूभागलाई छुट्याउनुका साथै एक देशको स्वामित्व तथा सीमा समाप्त भएर अर्को देशको स्वामित्व वा सीमा सुरु भएको जानकारी गराउँछ । यो दुई सँधियारहरूका बिच आपसी सहमतिमा सन्धि वा सम्झौतामार्फत शब्दद्वारा वर्णन गरी अभिलेख राखिन्छ र सोहीअनुसारको नक्सा प्रकाशित गरिन्छ । नक्साअनुसार सीमास्तम्भहरू निर्माण गरिन्छ । कतिपय देशले सिमानामा पर्खाल र काँडेतार पनि लगाएको पाइन्छ । सीमा सुनिश्चित र निरन्तर कायम गर्न निम्नलिखित चरण वा प्रक्रियाहरू पार गर्नुपर्दछ :

(क) राजनीतिक निर्णय (Political Decision)

(ख) सीमा उल्लेखन (Boundary Delimitation)

(ग) सीमा अङ्कन (Boundary Demarcation)

(घ) सीमा प्रशासन (Administration of Boundary)

सबैभन्दा पहिले सीमा छुट्याउने विषयमा वा दुई देशबिच सीमा कायम गर्ने विषयमा सम्बन्धित देशका प्रतिनिधिहरूको सहभागितामा राजनीतिक रूपमा निर्णय लिइन्छ । यसरी निर्णय लिइसकेपछि कहाँ कहाँ, कस्तो कस्तो किसिमको सीमा सङ्केत रहने भन्ने कुरा शब्दमा वर्णन गरी सीमा उल्लेखन गरिन्छ । यसरी शब्दमा गरिएको वर्णनअनुसार नक्सामा अङ्कन गरी देखाइन्छ । यसरी नक्सामा अङ्कन गरिएअनुसार जमिनमा जस्ताको त्यस्तै भौतिक चिह्नहरूद्वारा सीमा विन्दु तयार गरी प्रत्येक सङ्केतविन्दु (स्तम्भ खम्बा) हरूलाई जोडी एउटा सीमारेखा निर्माण गरिन्छ । यसरी तयार भएको सीमारेखालाई दुई देश बिचको सीमा बडापत्र (Boundary Protocal) मा दुबै देशका प्रतिनिधिले संयुक्तरूपमा हस्ताक्षर गरी सिमानाको प्रमाणीकरण गर्नुपर्दछ । यसरी प्रमाणीकरण भएको सिमानालाई नियमित निरीक्षण, भौतिक हेरविचार, मर्मत सम्भार, सीमा आवागमनको व्यवस्थापन, सीमा अपराध तथा दुर्घटनाहरूको नियन्त्रणलगायतको प्रतिवेदन तयार पारी आआफ्नो सरकारलाई बुझाउने गरिन्छ । सिमानालाई निरन्तर कायम गर्न सीमा प्रशासनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

कतिपय सन्दर्भमा सीमा उल्लेखनको समयमा स्पष्ट भाषा प्रयोग नगरी वर्णन गरिँदा र एकरूप समझदारी बिना सीमाङ्कनका लागि सम्बन्धित भूभागमा जाँदा सीमाङ्कनमा समस्या देखा पर्दछ । जसको कारण देशहरूका बिच विवाद भई लामो समयसम्म पनि सीमाङ्कन कार्य पूरा हुन सक्दैन । यस्तै विभिन्न कारणहरूले गर्दा नेपाल र भारतबिच सीमा विवादहरू रहेका छन् । यी विवादहरूमध्ये लिम्पियाधुरा, कालापानी र लिपुलेक विवाद पनि एक हो । सन् १८१६ मा सम्पन्न भएको सुगौली सन्धिअनुसार महाकाली नदीलाई सिमाना निर्धारण गरिएको थियो । पछि नेपालसँग गरिएको पत्राचारमा ब्रिटिस इन्डियाका अधिकारीहरूद्वारा लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र नेपालकै भएको जनाइएको

थियो । त्यस क्षेत्रमा नेपालले आफ्ना प्रशासनिक र सुरक्षा गतिविधि पनि सञ्चालन गर्दै आएको थियो ।

नेपालमा २०५२ सालदेखि एक दशकसम्म चलेको सशस्त्र द्वन्द्वको समयमा कालापानी र लिपुलेक क्षेत्रबाट नेपाल सरकारको प्रशासनिक र सुरक्षा उपस्थिति हटेको थियो । यसै बिचमा भारतले २०७६ साल कात्तिक १६ गते एकतर्फी किसिमले उक्त क्षेत्रलाई समेत आफ्नो नक्सामा समावेश गरी प्रकाशित गरेपछि नेपाल सरकार र नेपाली जनताले त्यसको विरोध गरेका थिए । तर भारतले २०७७ साल वैशाख २६ गते कालापानी क्षेत्र हुँदै लिपुलेकसम्म पुग्ने सडक निर्माण गरी उद्घाटन गरेको कुरा सार्वजनिक भयो । भारतले एकतर्फी रूपमा नेपाली भूमि भारतको भनेर नक्सामा देखाएपछि नेपाल सरकारले आफ्नो उक्त भूमि समावेश गरी २०७७ साल जेठ ७ गते नेपालको नक्सा प्रकाशित गऱ्यो । यो लगायत नेपाल भारतबिच धेरै स्थानमा रहेका सीमा विवादहरू सुल्झन सकेका छैनन् ।

**सीमा व्यवस्थापन विधि (Border Management System)**



चित्र ११ : रक्सौल, वीरगञ्ज

कुनै एक देशको सीमालाई पार गरेर अर्को देशको सीमाभित्र प्रवेश गर्दा त्यसदेशको नियमकानुनहरूको औपचारिकता पुऱ्याउनुपर्ने हुन्छ । प्रवेश गर्ने व्यक्तिको परिचयपत्र स्वरूप राहदानी (पासपोर्ट) तथा प्रवेशाज्ञा पेस गरेपछि त्यस देशको नियम पालना गर्ने गरी अध्यागमन अधिकारीलाई विश्वास पैदा भएमा त्यस देशको भूभागभित्र प्रवेश गर्न अनुमति दिइन्छ । यसरी अन्तर्राष्ट्रिय सिमाना पार गरी एक देशबाट अर्को देशको भूभागमा प्रवेश गर्न अनुमति दिइने कार्यलाई सीमा व्यवस्थापन प्रणाली भनिन्छ ।

एक देश भित्र एक किसिमको नियम कानुन हुन्छ भने अर्को देशमा फरक किसिमको नियम कानुन हुन सक्छ । जब एक देशबाट अर्को देशमा प्रवेश गरिन्छ तब आफ्नो सरसामानको भन्सार महसुल, प्रवेश शुल्क तिर्नुपर्ने हुन्छ । पहिलो देशको मुद्रा अमान्य हुन सक्दछ । भाषा फरक पर्न सक्दछ । यसरी अन्तर्राष्ट्रिय सीमा पार गरी एक देशबाट अर्को देशमा आवतजावत गर्नका लागि विभिन्न किसिमको व्यवस्था गरिएको हुन्छ । यस्ता व्यवस्थाहरूमध्ये निम्नलिखित तीन किसिमका व्यवस्थाहरू विश्वमा प्रचलित छन् :

### (क) खुला सीमा प्रणाली (Open Border System)

एक देशको व्यक्ति अर्को देशमा विना रोकटोक जान आउन, घुमफिर गर्न पाउने व्यवस्थालाई खुला सीमा प्रणाली भनिन्छ । यसमा व्यक्तिहरू आएको गएको अभिलेख राखिँदैन । प्रवेशाज्ञा आवश्यक पर्दैन । प्रवेश शुल्क तिर्नुपर्दैन । परिचयपत्र देखाउनुपर्दैन । खुला रूपमा जुनसुकै बेला आवतजावत गर्न पाइन्छ । नेपाल भारत सिमानामा खुला सीमा प्रणाली लागु गरिएको छ ।

### (ख) नियन्त्रित नियमन सीमा प्रणाली (Controlled Regulated Border System)

कुनै एक देशको व्यक्ति अन्तर्राष्ट्रिय सीमा पार गरी अर्को देशमा प्रवेश गर्नुअघि उसले आफ्नो व्यक्तिगत भ्रमण कागजात अध्यागमन अधिकारी समक्ष प्रस्तुत गर्नुपर्ने र त्यस देशको नियम कानुनभित्र रही यात्रा गर्नुपर्ने विधिलाई नियन्त्रित नियमन सीमा प्रणाली भनिन्छ । यात्रुले प्रस्तुत गरेका कागजातहरू चित्त बुझ्दो भएमा वा अध्यागमन अधिकारी विश्वस्त भएमा त्यस देशको नियमानुसार निश्चित समयका लागि मात्र यात्रा अनुमति दिइन्छ । यसरी अनुमति प्रदान गरिएको व्यक्तिको अभिलेख राखिएको हुन्छ । अनुमतिभन्दा बढी समय त्यस देशमा बसेमा उक्त देशको नियमानुसार कानुनी कारवाही हुन्छ । यस प्रणालीअनुसार यात्रुहरू नियन्त्रित विद्यमान तरिकाले मात्रै अर्को देशमा प्रवेश गर्न र बाहिर निस्कन सक्ने हुन्छन् । नेपाल र चीन सिमानामा नियन्त्रित नियमन सीमा प्रणाली कायम गरिएको छ ।

### (ग) बन्द सीमा प्रणाली (Closed Border System)

एक देशबाट अर्को देशमा प्रवेश गर्न अनुमति नदिइने प्रणालीलाई बन्द सीमा प्रणाली भनिन्छ । यस प्रणालीअर्न्तगत यात्रुसँग जस्तोसुकै आधिकारिक कागज प्रमाण भए तापनि प्रवेश गर्न दिइँदैन । यस्तो अवस्थामा तेस्रो मुलुकको नाकाबाट उक्त देशमा प्रवेश गर्नुपर्ने हुन्छ । उत्तर कोरिया र दक्षिण कोरियाको बिच यस्तो बन्द सीमा प्रणाली कायम रहेको छ ।

## अन्तर्राष्ट्रिय सीमा सिद्धान्त (International Boundary Principle)

दुई वा दुईभन्दा बढी देशहरूबिच सीमा निर्धारण गर्दा सम्बन्धित देशका प्रतिनिधिहरूबिच आपसी छलफल गरी ती देशहरूलाई सर्वमान्य हुने गरी अपनाइने सीमा निर्धारण विधिलाई अन्तर्राष्ट्रिय सीमा सिद्धान्त भनिन्छ । यही स्वीकृत सिद्धान्तलाई आधार मानी जमिनमा भौतिक रूपमा सङ्केत चिह्न स्थापना गरी अन्तर्राष्ट्रिय सिमाना निर्धारण गरिन्छ । यसरी सीमा तयार गर्दा ती देशहरूको भौगोलिक अवस्थिति, राजनीतिक अवस्था र सामाजिक गतिविधिलाई ध्यानमा राखी विभिन्न सिद्धान्त अपनाई सीमाङ्कन कार्य गर्ने गरिन्छ ।

विश्वमा निम्नलिखित पाँच प्रकारका अन्तर्राष्ट्रिय जमिन सीमा सिद्धान्त अपनाइएको पाइन्छ :

### (क) प्राकृतिक तत्त्व सिद्धान्त (Natural Element Principle)

प्रकृतिद्वारा निर्धारण गरिएको सकेसम्म अचल आधारभूत वस्तुलाई आधार मानी सीमा निर्धारण गर्ने सिद्धान्तलाई प्राकृतिक तत्त्व सिद्धान्त भनिन्छ । यो सिद्धान्त निम्नलिखित दुई प्रकारका छन् :

### (अ) पानीढलो सीमा सिद्धान्त (Watershed Boundary Principle)

दुई देशका बिचमा भएको सबैभन्दा अग्लो भूशृङ्खलाबाट वर्षामा परेको पानी बाँडिएर दुईतर्फ विभाजित हुन्छ र यसरी पानी विभाजित हुँदा दुई देशबिच रहेको अग्लो भूखण्डमा एउटा जल विभाजक रेखा बन्दछ । यसरी बन्ने जलविभाजक रेखालाई अन्तर्राष्ट्रिय सिमाना मानिने विधिलाई पानीढलो सीमा सिद्धान्त भनिन्छ । नेपालको उत्तरी क्षेत्रको नेपाल-चीनबिचको सीमा यस सीमा सिद्धान्तको आधारमा तय गरिएको छ ।

### (आ) भौगोलिक वस्तु सीमा सिद्धान्त (Geographical Object Boundary Principle)

जमिनमा रहेको होचो अग्लो पर्वत, चुचुरो, नदीनाला, भन्ज्याङ, ताल तलैयालगायत प्रकृतिद्वारा निर्मित भूबनोटलाई आधारमानी सीमा अङ्कित गरिने विधिलाई भौगोलिक वस्तु सीमा सिद्धान्त भनिन्छ । उदाहरणका लागि नेपाल र भारतको समतल भूभागमा पर्ने कपिलवस्तुको अर्नाहा नाम गरेको नालाले दुई देशबिचको अन्तर्राष्ट्रिय सीमाको काम गरेको छ ।

### (ख) बिचनदी सीमा सिद्धान्त (Midstream Boundary Principle)



चित्र १२ : महाकाली नदी

यदि दुईदेशबीच बहने नदीलाई सिमाना तोकिन्छ भने सामान्यतया त्यस नदीका बिचको भागलाई सिमाना मान्ने विधिलाई बिचनदी सिद्धान्त भनिन्छ । नेपालको पश्चिमोत्तर क्षेत्रको सीमानामा रहेको महाकाली नदीबिचको भागलाई नेपाल भारत सीमा मानिएको छ । यसमा हालसम्म महाकाली नदी नै कुन हो भन्ने विषयमै नेपाल भारतबिच विवाद कायम छ । नदीको प्रकृतिअनुसार निम्नलिखित तीन सिद्धान्तहरू प्रचलनमा छन् :

### (अ) स्थिर सीमा सिद्धान्त (Fixed Boundary Principle)

दुई देशबिच सन्धि सम्झौता गर्दा नदी जुन ठाउँमा जस्तो अवस्थामा छ भविष्यमा नदीले धार परिवर्तन गरे पनि त्यही स्थानमा र नदीमा पानी भए पनि नभए पनि सन्धि वा सहमति भएको समयमा तय गरिएको सीमारेखालाई नै सधैँ अन्तर्राष्ट्रिय सिमाना मान्ने विधिलाई स्थिर सीमा सिद्धान्त भनिन्छ । नेपाल र भारतको दक्षिणी सिमानामा पर्ने नदीहरूमा यो सिद्धान्तअनुसार सीमाङ्कन गरिएको थियो ।

### (आ) तरल सीमा सिद्धान्त (Fluid Boundary Principle)

दुई देशबिच सिमानाको रूपमा रहेको नदीले धेरै वर्ष लगाएर बिस्तारै बिस्तारै नदीको वहाव (धार) परिवर्तन गरी जताजता गए पनि त्यही नदीको पानीको चौडाइको बिच भागलाई सिमाना मान्ने अन्तर्राष्ट्रिय विधिलाई तरल सीमा सिद्धान्त भनिन्छ ।

### (इ) गहिराइ सीमा सिद्धान्त (Thalweg Boundary Principle)

दुई देशबिच समथर भूभागमा रहेका ठुलाठुला सीमा नदीको विभिन्न भँगालाहरूमध्ये सबैभन्दा गहिरो र बढी पानी भएको भँगालाको बिच भागलाई अन्तर्राष्ट्रिय सीमा मान्ने विधिलाई थालवेग सिद्धान्त भनिन्छ । यो सिद्धान्त खास गरी ठुला ठुला नदीहरू तथा जल मार्गका रूपमा आवागमनका साधनहरू परिचालन गर्न सक्ने नदीहरूमा अपनाउने गरिन्छ ।

### (ग) भोगचलनको सिद्धान्त (Actual Habitation Boundary Principle)

दुई देशबिच सीमाङ्कनको समयमा अर्को देशको नागरिकले जग्गाको भोगचलन गर्दै आइरहेको र त्यस ठाउँमा कहीं कतैबाट कुनै बाधाविरोध परेको रहेनछ भने त्यो जमिन त्यसै देशभित्र पारी अन्तर्राष्ट्रिय सीमा कायम गर्ने विधिलाई भोगचलनको सीमा सिद्धान्त भनिन्छ । वि.सं. २०१९ सालमा नेपाल चीनबीच सीमाङ्कन गर्ने सिलसिलामा यो सिद्धान्त अपनाइएको थियो । त्यस बेला नेपालको तर्फबाट १८३२ वर्ग कि.मि.भूभाग चीनपट्टि छोडिएको थियो भने र चीनको तर्फबाट २१३९ वर्ग कि.मि. नेपालपट्टि भोगचलनको आधारमा छोडिएको थियो ।

### (घ) सट्टापट्टाको सीमा सिद्धान्त (Exchange Boundary Principle)

दुई देशबिच सीमाङ्कनको सिलसिलामा कुनै एक देशको जमिनको केही भाग अर्को देशतर्फ पर्न जाने तर त्यो जमिन त्यसै देशलाई आवश्यक पर्ने कुरा दुबै देशलाई महसुस भएमा त्यत्तिकै क्षेत्रफल बराबरको अर्को जमिन दुवै देशको सहमतिमा उक्त देशलाई प्रदान गरी सीमाङ्कन गर्ने विधिलाई सट्टापट्टाको सीमा सिद्धान्त भनिन्छ । यही सिद्धान्तअनुसार सन् २०१५ मा भारत र बङ्लादेशबिच उत्पन्न सीमा विवाद सदाका लागि हल गर्न ६,९५० हेक्टर जमिन भारतद्वारा बङ्गालादेशलाई दिई बङ्गलादेशसँगबाट २,८८० हेक्टर जमिन लिई सट्टापट्टा गरी सीमाविवाद सदाका लागि अन्त्य गरिएको थियो ।

(ङ) पारम्परिक सीमा सिद्धान्त (Customary Boundary Principle)

दुई देशका जनताले परम्परागत रूपमा भोगचलन गर्दै आइरहेको आआफ्नो जमिन, जङ्गल, बाँझो, पर्ती छुट्याई सीमारेखा मान्ने विधिलाई पारम्परिक सीमा सिद्धान्त भनिन्छ । पहिले कहिल्यै सीमाङ्कन नभएको र खासै विवाद नरहेको क्षेत्रमा यो सिद्धान्त अपनाउने गरिन्छ ।

## नदी सीमामा उद्गम स्थलको पहिचान (Identification of Origin on the River Border)




चित्र १३ : गुन्जी दोभान

सन्धि वा सम्झौतामा स्पष्ट रूपमा किटानी नगरी नदीलाई सीमा नदी मान्दा र लामो समयसम्म नक्साङ्कन नगरिँदा कतिपय स्थानमा त्यस नदीको मुहान कुन हो र त्यसको उद्गमस्थल कहाँ हो भन्ने विषयमा विवाद हुने गरेका छन् । पश्चिमोत्तर नेपालको महाकाली नदीको उद्गमस्थल कुन हो भन्नेबारेमा नेपाल र भारतबिच विवाद छ । यस्ता विवाद समाधान गर्न जलविज्ञानका आधारमा अन्तर्राष्ट्रियरूपमा नदीको उद्गमस्थलसम्बन्धी निम्नलिखित चार सिद्धान्त प्रतिपादन गरिएको छ :

(क) **नदीको लम्बाइ** : जुन नदी सबैभन्दा लामो छ, त्यसैलाई मूलनदी मान्नुपर्दछ र त्यो नदी जहाँबाट बग्न सुरु गरेको छ त्यसको शिरलाई नै त्यो नदीको उद्गम स्थल मान्नुपर्दछ ।

(ख) **जलाधार क्षेत्र** : जुन नदीको जलाधार क्षेत्र धेरै छ त्यसैलाई मूलनदी मान्नुपर्दछ र त्यो नदी जहाँबाट बग्न सुरु गरेको छ त्यसको शिरलाई नै त्यो नदीको उद्गम स्थल मान्नुपर्दछ ।

(ग) **नदीको क्रमाङ्क :** जुन नदीमा धेरै शाखाहरू आएर मिसिन्छन्, त्यसैलाई मूलनदी मान्नुपर्दछ र त्यो नदी जहाँबाट बग्न सुरु गरेको छ त्यसको अन्तिम शिरलाई नै त्यो नदीको उद्गमस्थल मान्नुपर्दछ ।

(घ) **नदीको गहिराइ :** जुन नदी सबैभन्दा गहिरो छ, त्यसैलाई मूलनदी मान्नुपर्दछ र त्यो नदी जहाँबाट बग्न सुरु गरेको छ त्यसको शिरलाई नै त्यो नदीको उद्गमस्थल मान्नुपर्दछ ।

## सीमा विवाद (Border Disputes)

कुनै दुई सँधियारहरूका बिचमा सन्धि, सम्झौता, समझदारी वा सहमतिबाट स्थापित सिमाना समय क्रममा कुनै एक सँधियारका तर्फबाट जानी नजानी वा योजनाबद्ध ढङ्गले अर्को सँधियारको जमिनमा प्रवेश गरी आफ्नो जमिनमा गाभ्ने वा मिसाउने कार्य हुन्छ भने यस कार्यले सीमा विवाद उत्पन्न गराउँछ । यस्तो विवाद यदि दुई देशका बिचमा हुन्छ र सीमा मिचिएको देशले सतर्क गराउँदै र आपत्ति जनाउँदै जाँदा पनि अर्को देशले सीमा मिच्ने कार्य यथावत्रूपमा जारी राखिराख्छ तथा सीमा स्थापनाको बेला गरिएको सन्धि वा सम्झौताको एकपक्षीय ढङ्गले उल्लङ्घन गर्दै जान्छ र मिचिएको देशले आफ्नो भूभाग जोगाउने प्रयत्न गर्दछ भने विवाद अझै चर्कन पुग्दछ । यसरी विवाद अझै बढ्दै गयो र दुबै देश आफ्नो अडानमा अगाडि बढ्दै गए भने यसले दुई देशबिच सीमायुद्धसमेत हुन सक्दछ ।

इतिहासमा युद्धपश्चात् राज्यहरू टुक्रिँदा वा गाभिँदा सन्धि र सम्झौता गर्दा सीमा उल्लेखन गर्ने क्रममा स्पष्ट भाषामा वर्णन गर्न नसक्दा र सही ढङ्गले नक्साङ्कन र सीमाङ्कन गर्न नसक्दा पछि गएर विभिन्न देशहरूका बिच सीमाविवाद वा सीमायुद्ध भएर पचासौँ लाख मानिसले ज्यान गुमाएका छन् । उदाहरणका लागि सन् १९५०-१९५३ मा उत्तर कोरिया र दक्षिण कोरियाबिच भएको कोरियन सीमायुद्धमा २४ लाखभन्दा बढी र सन् १९८०-१९८८मा इरान र इराकबिच भएको इरान इराक सीमा युद्धमा करिब १५ लाख मानिसले ज्यान गुमाएका थिए । सन् २०१७ सम्ममा नेपालसहित विश्वमा ११५ देशहरूमा सीमा विवाद कायम छन् । त्यसमध्ये एसिया, सुदूरपूर्व तथा प्यासिफिकमा २९, अफ्रिकामा २७, युरोपमा २५, अमेरिका र अन्टार्टिकामा २३, मध्यपूर्वमा ११ देशहरूमा सीमा विवाद कयम छ ।

### (क) सीमा विवाद हुने कारणहरू (Reasons of Border Disputes)

सीमा विवाद हुने मुख्य कारणहरू निम्नअनुसार देखिएका छन् :

**(अ) सीमा सन्धिमा सीमा स्थानको स्पष्ट व्याख्या नगरिएमा**

सन्धिसम्झौता गर्दाको बखत कहाँ कहाँ र कस्तो कस्तो ठाउँमा कसरी कसरी सीमा निर्धारण गरिन्छ भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएन भने पनि सीमाङ्कनको बेला नै विवाद उत्पन्न हुन्छ ।

**(आ) सही ढङ्गले नक्साङ्कन नगरिएमा**

सन्धिसम्झौतामा वर्णन गरिएअनुसार जमिनको बनोटसँग समेत मेल खाने गरी नक्साङ्कन भएको रहेनछ भने पनि सीमाङ्कनको समयमा नै विवाद उत्पन्न हुने गर्दछ ।

**(इ) ठिक ढङ्गले भौतिक सीमाङ्कन नगरिएमा**

सन्धिसम्झौतामा वर्णन गरिएअनुसार बनेको नक्साको आधारमा ठिक ढङ्गले जमिनमा सीमाङ्कन हुन सकेन भने पनि सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(ई) सीमा नक्सा तथा तथ्याङ्कको अभाव भएमा**

सीमाङ्कनको समयमा अङ्कन गरिएको भौतिक सीमा स्तम्भ कालान्तरमा कुनै कारणबस नासिएमा अर्को भौतिक सीमास्तम्भ पुनर्निर्माण गर्नुपर्ने बेला उक्त स्थानको सीमानक्सा उपलब्ध हुन नसकेमा वा तथ्याङ्क अथवा कोअर्डिनेट (अक्षांश, देशान्तर र उचाइ) उपलब्ध नभएमा दुई देशका बिच कहाँ सीमास्तम्भ राख्ने भन्ने विवाद उत्पन्न हुने गर्दछ ।

**(उ) आफ्नो आवश्यकता ठानी छिमेकीको जमिन प्रयोग गरेमा**

सीमा जोडिएको एउटा छिमेकी मुलुकले अर्को छिमेकी मुलुकको जमिन ऊसँग सोध्दै नसोधी आफ्ना लागि आवश्यक ठानी प्रयोग गर्न सुरु गर्दछ भने त्यहाँ सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(ऊ) अन्तर्राष्ट्रिय सीमारेखाको बेवास्ता गरेमा**

दुई छिमेकी मुलुकमध्ये कुनै एक मुलुकले दुई देशबिचको अन्तर्राष्ट्रिय सिमानाको बेवास्ता गर्दै थिचिमिचो गर्न सुरु गर्दछ भने सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(ए) सीमावर्ती क्षेत्रमा एकतर्फी रूपमा संरचना निर्माण गरेमा**

सीमा जोडिएको एउटा छिमेकी मुलुकले अन्तर्राष्ट्रिय सीमा मिचेर अन्तर्राष्ट्रिय कानुन र मापदण्ड विपरीत अर्को छिमेकी मुलुकको जमिनमा समेत पर्नेगरी भौतिक निर्माण (बाँध, बाटो, तटबन्ध, नहर, नाला आदि) गर्दछ भने त्यहाँ सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(ऐ) ऐतिहासिक दस्तावेज तथा कागजपत्रहरू उपलब्ध नभएमा**

दुई देशका बिचमा भएको सन्धि र सम्झौताका बेला तयार गरिएको दस्ताबेज अधुरो वा अपुरो रहेको रहेछ वा नक्साङ्कनको बेला उपलब्ध हुन सकेन भने पनि सीमा विवाद हुने गर्दछ ।

**(ओ) प्राकृतिक स्रोतको बाँडफाँडमा कुरा नमिलेमा**

दुईदेशका बिचमा सीमारेखामा रहेका नदीनाला र त्यस्तै अन्य प्राकृतिक स्रोतहरूको बाँडफाँडमा दुई देशका बिच कुरा मिलेन भने सीमा विवाद सुरु हुने गर्दछ ।

**(औ) राजनीतिक शत्रुता उत्पन्न भएमा**

सीमा जोडिएको एउटा छिमेकी मुलुकले अर्को छिमेकी मुलुकको विरुद्धमा कुनै पनि कारणबाट राजनीतिक रूपमा शत्रुता पैदा गरेको खण्डमा पनि त्यहाँ सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(अं) जनसङ्ख्याको अत्यधिक वृद्धि भएमा**

सीमा जोडिएको एउटा छिमेकी मुलुकको सीमारेखा आसपास अत्यधिक रूपमा जनसङ्ख्याको वृद्धि हुँदै जान्छ र त्यहाँ आवादी तथा बस्ती असाध्यै बाक्लो हुँदैजाँदा सीमा मिचिने गर्दछ । यसको फलस्वरूप त्यहाँ विवाद उत्पन्न हुने गर्दछ ।

**(अः) जनस्तरबाट अन्तर्राष्ट्रिय सीमाको महत्त्व नबुझेमा**

खुला सीमा रहेको क्षेत्रमा अन्तर्राष्ट्रिय सिमारेखाको आसपासमा बसोबास गर्ने स्थानीय वासिन्दाहरूले अन्तर्राष्ट्रिय सीमारेखाको महत्त्व नबुझ्दा दुबै तर्फबाट सीमारेखा मिचिने गर्दछ । यस्तो स्थानहरूमा लामो समयसम्म सरकारी बेवास्ता रहँदा पछि गएर सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(अः१) छिमेकी मुलुकले सहअस्तित्व स्वीकार नगरेमा**

सीमा जोडिएको एउटा छिमेकीले अर्को छिमेकी पनि आफूजस्तै एउटा स्वतन्त्र मुलुक हो, भूगोल वा जनसङ्ख्याको आधारमा सानो ठुलो जे भए पनि मुलुकको हिसाबले हामी दुबै बराबरी हौं भनी सहअस्तित्व स्वीकार नगरी ठुला मुलुकले साना मुलुकलाई हेप्दै एकतर्फी ढङ्गले सीमा मिच्ने काम गरेमा सीमा विवाद उत्पन्न हुने गर्दछ ।

**(ख) विवाद समाधानका उपायहरू (Dispute Resolution Measures)**

सीमा विवाद समाधानका उपायहरू निम्नअनुसार हुन सक्दछन् :

**(अ) स्थानीय वा जनस्तरबाट वार्ता गरी समझदारी गरेर**

दुई देशकाबिचको सीमारेखामा विवाद भएमा वा सिमाना मिचिएमा यस बारेमा स्थानीय सरकारी स्तरमै छलफल, वार्ता, समझदारी र सहमति गरेर सीमा विवाद समाधान गर्न सकिन्छ । दुई देशका बिचमा उठेका सीमासम्बन्धी विवाद समाधान गर्न सीमा सुरक्षा समिति, सीमा निरीक्षण वा अनुगमन संयन्त्र वा त्यस्तै प्रकारका स्थानीय प्रशासनिक संरचनाको व्यवस्था गरिएको हुन्छ । कानुनले तोकेअनुसार सीमासम्बन्धी समस्याहरूको स्थानीय तवरमै छलफल र वार्ता गरी तयार गरिएको प्रतिवेदनको आधारमा समस्याहरूको समाधान गर्न सकिन्छ ।

**(आ) प्राविधिक सीमा समिति गठन गरी वार्ता गरेर**

दुई देशका बिचको सीमारेखामा विवाद भई स्थानीय स्तरबाट समाधान हुन नसकेको सीमा विवाद दुबै देशले तोकेका प्राविधिकहरू रहेको प्राविधिक सीमा समिति वा संयुक्त सीमा सर्वेक्षण टोली गठन गरी विवादित क्षेत्रमा गई संयुक्त अध्ययन तथा सर्वेक्षण गरी सहमतिमा पुगी तयार पारिएको प्रतिवेदनको आधारमा सीमा समस्या समाधान गर्न सकिन्छ ।

### (इ) सीमा आयोग गठन गरी वार्ता गरेर

दुई देशका बिचको सीमारेखामा विवाद भई प्राविधिक समितिबाट मात्र समाधान हुन नसकेमा दुबै देशका पदाधिकारीहरूको नेतृत्वमा सीमा आयोग गठन गरेर पनि सीमा समस्या समाधान गर्न सकिन्छ । यस्ता आयोगहरूले ऐतिहासिक प्रमाणहरूका आधारमा र आवश्यक परे विवादित क्षेत्रमा गएर अध्ययनसमेत गर्ने गरिन्छ ।

### (ई) स्वदेशी कूटनीतिक तह परिचालन गरी वार्ता गरेर

दुई देशबिचको सीमारेखामा विवाद भई जनस्तरबाट तथा प्राविधिक र कर्मचारी तहबाट मात्र विवाद समाधान हुन नसकेमा स्वदेशी कूटनीतिक तहबाट कूटनीतिक व्यक्ति वा संयन्त्र परिचालन गरेर वार्ता गरी सहमतिमा पुगेर पनि सीमा विवाद समाधान गर्न सकिन्छ ।

### (उ) विदेशस्थित कूटनीतिक नियोगद्वारा वार्ता गरेर

दुई देशका बिचको सीमारेखामा विवादभई स्वदेशस्थित कूटनीतिक तह परिचालन गरेर पनि सीमा विवाद समाधान भएन भने विदेशस्थित कूटनीतिक नियोग तथा राजदूतावासको पहल कदमीमा कूटनीतिज्ञहरू परिचालन गरी तिनीहरूद्वारा वार्ताको वातावरण तयार पारी सहमति कायम गरी सीमा समस्या समाधान गर्न सकिन्छ ।

### (ऊ) राजनीतिक माध्यम परिचालन गरी वार्ता गरेर

दुई देशका बिचको सीमारेखामा विवाद भई कूटनीतिक माध्यमबाट मात्र सीमा विवाद समाधान हुन नसकेमा दुबै देशका राजनीतिक तहमा छलफल गरी एउटा सहमतिमा पुगेर सीमा समस्या समाधान गर्न सकिन्छ ।

### (ए) दुबै देशका परराष्ट्रमन्त्री स्तरमा वार्ता गरेर

दुई देशका बिचको सीमारेखामा विवाद भई कूटनीतिक र राजनीतिक व्यक्तिहरूको तहमा समेत समाधान नभएका विवादहरू दुबै देशका परराष्ट्रमन्त्रीस्तरमा वार्ता गरी सीमा समस्या समाधान गर्न सकिन्छ ।

### (ऐ) सरकार प्रमुख वा राष्ट्र प्रमुख स्तरमा वार्ता गरेर

दुई देशका बिचको सीमारेखामा विवाद भई परराष्ट्रमन्त्री स्तरमा समेत विवाद समाधान हुन सकेन भने दुबै देशका सरकार प्रमुख वा राष्ट्र प्रमुखहरूका बिचमा सिधै वार्ता गरी समस्या समाधान गर्न सकिन्छ ।

### (ओ) जनदवाव सिर्जना गरेर

दुई देशका बिचको सीमारेखामा विवाद भई दुई देशको राष्ट्रप्रमुख तथा सरकार प्रमुखको तर्फबाट समेत विवाद समाधान हुन सकेन भने सीमा मिचानमा परेको राष्ट्रले व्यापकरूपमा विश्वस्तरमा

आफ्नो पक्षमा जनमत सिर्जना गरी वार्ता गर्न र सहमतिमा पुग्न बाध्य पारी सीमा समस्या समाधान गर्न सकिन्छ ।

**(औ) तेस्रो देशलाई मध्यस्थता गर्न लगाएर**

दुई देशका बिचको सीमारेखामा विवाद भई राष्ट्र प्रमुख तथा सरकार प्रमुखका बिच समेत वार्ता गरी सीमा समस्या समाधान गर्न सकिएन भने तेस्रो मुलुकको मध्यस्थतामा वार्ता गरी सीमा विवाद समाधान गर्न सकिन्छ ।

**(अं) अन्तर्राष्ट्रिय दबाब उत्पन्न गराएर**

दुई देशका बिचको सीमारेखामा विवाद भई तेस्रो मुलुकको मध्यस्थताबाट पनि सहमतिमा पुग्न सकिएन भने अन्तर्राष्ट्रिय मञ्चमा कुरा उठाएर दबाब सिर्जना गरी सहमतिमा आउन बाध्य पारी सीमा समस्या समाधान गर्न सकिन्छ ।

**(अः) संयुक्त राष्ट्र सङ्घमार्फत वार्ता गरेर**

दुई देशका बिचको सीमारेखामा विवाद भई अन्तर्राष्ट्रिय मञ्चहरूमा पटक पटक उठाउँदा समेत सुनुवाई नगरी सीमा मिचान यथावत् राखिराखेमा पीडित पक्षले संयुक्त राष्ट्र सङ्घमा निवेदन दिई राष्ट्रसङ्घको मध्यस्थतामा छलफल गरी सहमतिमा पुगी सीमा विवाद समाधान गर्न सकिन्छ ।

**(अः१) अन्तर्राष्ट्रिय अदालतको फैसलाद्वारा**

दुई देशका बिचको सीमारेखामा विवाद भई संयुक्त राष्ट्रसङ्घको मध्यस्थताबाट पनि सीमा समस्या समाधान हुन सकेन भने सबुत प्रमाणहरूसहित अन्तर्राष्ट्रिय अदालतमा उजुरी गरी अदालतबाट फैसला गराएर सीमा विवाद समाधान गर्न सकिन्छ । अन्तर्राष्ट्रिय अदालत वा संयुक्त राष्ट्र सङ्घ जानुअघि छिमेकी मुलुकलाई लिखित जानकारी गराउनु पर्दछ । अन्तर्राष्ट्रिय अदालतमा जाने स्थितिमा दुवै पक्षले उक्त अदालतको निर्णय हामीलाई मान्य हुने छ भनी सहमत भएको हुनुपर्दछ ।

**(अः२) सबै किसिमका शान्तिपूर्ण प्रयासहरू असफल भएको स्थितिमा देशहरूका बिचको सीमा विवादले युद्धको रूप लिएका धेरै उदाहरणहरू भेटिन्छन् । विवाद समाधानका सबै उपायहरू असफल भई युद्धको स्थिति सिर्जना भएमा त्यसैका आधारमा सिमानाको टुङ्गो लाग्छ ।**

सीमा विवादको समाधानका लागि संसारमा उल्लिखित विभिन्न उपायहरू अवलम्बन गरिएको पाइन्छ । यी उपायहरूमध्ये कुन उपाय कसरी अवलम्बन गर्ने भन्ने कुरा सम्बन्धित देशको क्षमता, स्थिति र समयअनुसार निर्धारण हुने गर्दछ ।

## एकाइ तीन

# नेपालको सिमाना

### नेपालको सीमा निर्धारण (Boundary Determination of Nepal)

वि.सं. १२५९ (इ.सं. १२०२) मा राजा अरी मल्लको पालामा हालको काठमाडौं उपत्यकाको ८९९ वर्ग कि.मि. क्षेत्रफलको भूभागलाई नेपाल नामकरण गरियो । गोरखाका राजा पृथ्वीनारायण शाहले गोरखाका छेउछाउका राज्यहरूलाई एकीकरण गर्ने अभियान चलाए । यही दौरानमा उनले धादिङ, नुवाकोट, रसुवा, मकवानपुर हुँदै काठमाडौं उपत्यकामाथि विजय प्राप्त गरेपछि वि.सं. १८२६ मङ्सिर १ गते (१६ नोभेम्बर १७६९) का दिन आफ्नो राज्यलाई गोरखा राज्यको सट्टा नेपाल राज्य नामकरण गरेको घोषणा गरे । यस बेला नेपालको क्षेत्रफल ९,१०० वर्ग कि.मि. रहेको थियो । पूर्वतर्फ एकीकरण गर्दै जाँदा वि.सं. १८३१ (इ.सं.१७७४) मा नेपाली फौजले दार्जिलिङसम्म आफ्नो सीमा विस्तार गऱ्यो । त्यति बेला नेपालको क्षेत्रफल लगभग ४१,४८४ वर्ग कि.मि.रहेको थियो । यही बेला वि.सं. १८३१ माघ १ गते ५२ वर्षको उमेरमा उनको निधन भयो ।

एकीकरण अभियानलाई उनका उत्तराधिकारीहरूले अगाडि बढाउँदै जाँदा वि.सं. १८६३ (इ.सं.१८०६) मा नेपालको सिमाना पूर्वमा टिस्टा नदी, पश्चिममा किल्ला काङ्गडा, उत्तरमा तिब्बतको सिगात्से (टासिल्हुन्पो गुम्बा) र दक्षिणमा यमुना र गङ्गा नदीसम्म फैलिएको थियो । यस बेला नेपालको पूर्व पश्चिम लम्बाइ १,४१५ कि.मि.थियो भने क्षेत्रफल २,६७,५७५ वर्ग कि.मि. थियो । यसलाई विशाल नेपालको रूपमा बुझिन्छ ।

नेपालले यसरी सीमा विस्तार गर्दै लगेको कुरा बेलायती साम्राज्यको इस्ट इन्डिया कम्पनीलाई मन परिरहेको थिएन । त्यसैले उसले नेपालको विरुद्धमा युद्ध गर्न काङ्गडाका राजालाई सहयोग गरेपछि वि.सं. १८६६ (इ.सं. १८०९) मा नेपालीहरू सतलज नदीसम्म फर्कनुपऱ्यो । नेपालको पूर्व पश्चिम लम्बाइ १,३७३ कि.मि. र क्षेत्रफल २,०४,९१७ वर्ग कि.मि.मा झऱ्यो । अङ्ग्रेजहरू यतिमा मात्र रोकिएनन् । उनीहरूले तत्कालीन बुटवल र स्युराज क्षेत्रको विवाद निकालेर १ नोभेम्बर १८१४ मा युद्धको घोषणा गरे । छ महिनासम्म चलेको नेपाल अङ्ग्रेज युद्धमा पराजित भएपछि १५ मे १८१५ मा अमरसिंह थापा र डेभिड अक्टरलोनीबिच युद्धविराम सम्झौता भयो । यस सम्झौताअनुसार महाकालीदेखि पश्चिम सतलजसम्मको भूभाग नेपालले गुमाउनु पऱ्यो ।




चित्र १४ : अमरसिंह थापा

नेपालीहरू युद्ध हारेर कमजोर भएका र शासनमा रहेकाहरू विभाजित मानसिकतामा रहेको मौका पारी इस्ट इन्डिया कम्पनीले २ डिसेम्बर १८१५ मा शान्ति तथा मैत्री सन्धिको मस्यौदा प्रति नेपाललाई १५ दिनभित्र हस्ताक्षर गर्न पठायो । सुरुमा नेपाली पक्षले हस्ताक्षर गर्न मानेन किनभने नेपालले युद्ध पश्चिममा हारेको थियो तर सन्धिमा पूर्वको भाग समेत समावेश गरिएको थियो । तर काठमाडौँमा हमला गर्ने धम्की दिएपछि बाध्य भएर ४ मार्च १८१६ मा नेपालले सुगौलीमा गएर उक्त सन्धिमा हस्ताक्षर गऱ्यो । यस सन्धिमार्फत नेपालले पूर्वमा मेची र पश्चिममा महाकाली नदी र दक्षिणमा चुरे शृङ्खलामा सीमित हुँदै जम्मा १,१३,६२०.२८ वर्ग कि.मि. क्षेत्रफलभित्र सीमित रहनुपऱ्यो ।

सुगौली सन्धि इस्ट इन्डिया कम्पनीद्वारा नेपालमाथि जबर्जस्ती लादिएको थियो । कम्पनी सरकारका तर्फबाट बेलायतका गभर्नर जनरल अक्टरलोनीले अनुमोदन (हस्ताक्षर) गरी पठाएको यस सन्धिको धारा ९ मा “यो सन्धि आजका मितिले १५ दिनभित्र नेपालका राजाबाट अनुमोदन गरिने छ” भनी उल्लेख गरिएकामा तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहले सन्धिप्रति असहमति राख्दै हस्ताक्षर गरेनन् । त्यसैले यो सन्धि अहिलेसम्म पनि अनुमोदन भएको छैन ।

नेपालका राजाले सन्धिप्रति असहमति जनाएकाले वि.सं. १८७३ पुस ७ गते अर्थात् ११ डिसेम्बर १८१६ मा नेपाल र इस्ट इन्डिया कम्पनीबिच पूरक सन्धि भयो । यस सन्धिले राप्तीदेखि कोसीसम्मको तराईको २४,८१२ वर्ग कि.मि. भूखण्ड नेपालले फिर्ता पयो । त्यसपछि नेपालको क्षेत्रफल १,३८,४३४.२८ वर्ग कि.मि.भयो ।

जङ्गबहादुरले इस्ट इन्डिया कम्पनीलाई सहयोग गरेबापत सुगौली सन्धि भएको ४४ वर्षपछि वि.सं.१९१७ कात्तिक १७ गते अर्थात् १५ नोभेम्बर १८६० मा नेपाल भारत सीमा सन्धि भयो । यस सन्धिमार्फत नेपालले राप्तीदेखि महाकाली सम्मको तराईको ९,२०७ वर्ग कि.मि.क्षेत्र प्राप्त गरी नेपालको क्षेत्रफल कायम भयो ।

उत्तरतर्फ तिब्बतको ल्हासा नजिकको सिगात्से (टासिल्हुन्पो गुम्बा)सम्म नेपालको झन्डा फहराएको थियो । तर २ जुन १७८९ मा केरुङ सन्धिले साबिककै हिमालयको पानीढलो सीमा कायम गऱ्यो । ५ अक्टोबर १७९२ मा भएको बेत्रावती सन्धिले रसुवागढीको उत्तर पानीढलो सिमाना कायम गऱ्यो र २४ मार्च १८५६ मा भएको थापाथली सन्धिले तातोपानी सीमा कायम गऱ्यो । हाल उत्तरतर्फ यही सिमाना कायम छ ।

यसरी नेपालीहरूले वीरताका साथ आर्जेको कुल २,६७,५७५ वर्ग कि.मि. भूभागमध्ये विभिन्न सन्धि, सम्झौताहरूको कारण १,१९,९३३.७२ वर्ग कि.मि. भूभाग गुमाएर नेपाल हाल अद्यावधिक गरिएको नक्साअनुसार १,४७,६४१.२८ वर्ग कि.मि. क्षेत्रफलभित्र सीमित भयो । नेपाल भारतको सीमा रेखा १९३० कि.मि. रहेको छ भने नेपाल चीनको सीमा रेखा १४९७ कि.मि. छ । यसमध्ये पनि नक्साङ्कन र सीमाङ्कनकै काम हालसम्म पनि बाँकी रहेकाले नेपालको पश्चिमोत्तर क्षेत्रको महाकाली नदीको मुहान

लिम्पियाधुरासम्मको भूभागको नक्सा सम्बन्धमा हालसम्म भारतले सीमा विवाद गरिरहेको छ । नेपालको पश्चिमोत्तर क्षेत्रको लिपुलेक र कालापानीको बिचमा रहेको लिपु भन्ज्याङलाई समेटेर लिम्पियाधुरा लिपुलेक क्षेत्रको करिब ४६०.२८ वर्ग कि.मि. भूभाग समावेस नहुँदा नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. मात्र हुन्छ । हाल नेपालको पूर्व पश्चिम लम्बाइ विशाल नेपालको १४१५ कि.मि. बाट घटेर करिब ८८५ कि.मि. रहेको छ र उत्तर दक्षिण चौडाइ १९३ कि.मि. रहेको छ । कालापानी क्षेत्रको ८१.३२ व.कि.मि.र लिम्पियाधुरासम्मको करिव ४६०.२९ व.कि.मि. गरी जम्मा ५४१.६ अर्थात् करिब ५४२ व.कि.मि. क्षेत्र भारतद्वारा अतिक्रमित रहेको छ ।

### नेपालको छिमेकी मुलुकहरूसँगको सीमा सम्बन्ध

नेपालको उत्तरमा चीन तथा पूर्व, दक्षिण र पश्चिममा भारतसँग सीमा जोडिएको छ । यी दुबै छिमेकी मुलुकसँग नेपाल घनिष्ट सम्बन्ध कायम गर्न चाहन्छ । तर सिमानाका विषयमा बेला बेलामा समस्या उत्पन्न हुने गरेका छन् । नेपाल चीन सीमाङ्कनको सम्पूर्ण काम २० जनवरी १९६३ मा टुङ्गिएको थियो । तर भारतसँग सीमा सन्धि भएको दुईसय चार वर्ष पूरा हुँदा पनि सीमाङ्कनको कार्य हालसम्म पूरा हुनसकेको छैन ।

### (क) नेपाल चीन सीमा सम्बन्ध


चित्र १५ : तातोपानी नाका, सिन्धुपाल्चोक

नेपालको उत्तरमा चीनसँग २०१६ चैत्र ८ अर्थात् २१ मार्च १९६० मा सीमा सम्झौता भएको थियो । यही सम्झौताको आधारमा २०१८ असोज १९ अर्थात् ५ अक्टोबर १९६१ मा नेपाल चीन सीमा सन्धि भयो । सो सन्धिअनुसार २०१९ माघ ७ गते अर्थात् २० जनवरी १९६३ मा सीमा प्रोटोकलमा हस्ताक्षर भई हाल नेपालको पाँच प्रदेशका उत्तरका १५ जिल्लाहरू र चीनको स्वशासित क्षेत्र तिब्बतको दक्षिणका सात जिल्लासँग जोडिएको १४४० कि.मि.को सीमारेखा कायम गरिएको छ । यसमा १४ ओटा नदीले ७४ कि.मि. सीमाको काम गरेका छन् भने बाँकी १,३६५.१८ कि.मि. जमिन (हिमाल, पहाड, भञ्ज्याङ, देउराली, खोँच आदि) सीमा कायम गरिएको छ । यसमा ७९ ओटा मुख्य सीमास्तम्भ र २० ओटा सहायक स्तम्भ गरी जम्मा ९९ ओटा सीमास्तम्भ स्थापना गरिएका छन् । हालको अद्यावधिक नक्साअनुसार नेपाल चीनको ५७ कि.मि. सीमा रेखाको नक्साङ्कन र सीमाङ्कन हुन बाँकी छ । उत्तरी सिमानाको पूर्वदेखि पश्चिमसम्म ४३ भन्ज्याङले नेपाल चीन सीमानाकाको

काम गरेका छन् । यस्ता सीमा नाकाहरू मध्ये नौओटा नाकालाई मात्र व्यापारिक सीमा नाकाका रूपमा खुला गरिएको छ । त्यसमध्ये, तातोपानी र रसुवागढी मुख्य भन्सार नाका रहेका छन् । नेपाल र चीनबिच नियन्त्रित नियमन सीमा सिद्धान्त अपनाइएकाले एक देशका नागरिकले अर्को देशमा जानका लागि अन्तर्राष्ट्रिय कानुनअनुसार प्रवेशाज्ञा लिनुपर्छ । यद्यपि दुवै सीमावर्ती ३० कि.मी. क्षेत्रका वासिन्दा एकअर्को देशमा परिचयपत्र देखाएर जान आउन सक्दछन् ।

### (ख) नेपाल चीन सीमा विवाद र समाधान

नेपाल चीन सीमासन्धि हुनुअघि चीनले नेपालको सगरमाथालगायत ३२ स्थानको भूभागमा दावी गरेको थियो । अन्त्यमा छलफलका क्रममा ती सबै दावीहरू चीनले छोडी नेपाल चीनबीच समान अधिकार र समान हैसियतका दुई राज्यहरू आपसमा मिली समस्या समाधान गर्नुपर्छ भन्ने भावनाका साथ ५७ थान १ : ५०,००० मान नापका सीमा नक्सा तयार पारी १५ महिनाको छोटो अवधिमै नक्साङ्कन तथा सीमाङ्कनको काम सम्पन्न भयो । सगरमाथाको विवाद प्रधानमन्त्री स्तरबाट समाधान भएको थियो । यसका साथै दुवै देशको तर्फबाट सीमा प्रोटोकलमा हस्ताक्षर भई स्थायी रूपमा सीमा समस्या समाधान गरिएको थियो । वि.स. २०६५-६६ मा सीमास्तम्भ तथा सीमा चिह्न मर्मतसम्भार गरी सीमारेखा अद्यावधिक गरियो । नेपाल चीन तेस्रो प्रोटोकल (सन् १९८८) नवीकरण गर्दासम्म सीमाचिह्न नं. ५७ पत्ता लागेको थिएन । चौथो प्रोटोकल (सन् २००६-२०१२) अद्यावधिक गर्ने क्रममा दोलखाको लामाबगरको उत्तरी क्षेत्रको सीमाचिह्न नं. ५७ नक्साङ्कन गरिएको भन्दा केही दक्षिणमा स्थापना गरिएको पाइयो । प्राय : हिउँले पुरिने, विकट भिरालो र बन्जर जमिन भएकाले त्यो स्तम्भ फेला पार्न सहज छैन। तैपनि यसलाई नक्साङ्कन गरिएको ठाउँमै अर्थात् कोर्लाङपारिको टिप्पामा ५७ नं. को सीमा स्तम्भ गाडी सीमाङ्कन गरिएन भने नेपालले करिब ६ हेक्टर (०.०६ वर्ग कि.मि.) भिरालो बन्जर जमिन गुमाउनुपर्ने हुन्छ । अर्को कुरा सगरमाथाको उचाइ ८,८४८ मिटरको बदला हिउँको भाग ३.५७ मिटर कटाएर चीनले ८,८४४.४३ मिटर मात्र कायम राख्न प्रस्ताव गरेको थियो तर नेपालले यो प्रस्ताव अस्वीकार गरेको कारण हालसम्म टुङ्गो लागेको छैन ।



चित्र १६ : कोरला, मुस्ताङ

### (ग) नेपाल भारत सीमा सम्बन्ध

सुगौली सन्धिले तोकेको नेपालको दक्षिणी सीमानामा इस्ट इन्डिया कम्पनी र नेपाल सरकारका बिच वि.सं. १८७३ पुस ७ गते अर्थात् ११ डिसेम्बर १८१६ मा पूरक सन्धि गरी पुर्बी तराई र १ नोभेम्बर १८६० मा सीमा सन्धि गरी पश्चिम तराई नेपालले प्राप्त गऱ्यो । यसबाट नेपालको पूर्व, दक्षिण र पश्चिममा



चित्र १७ : जङ्गे सीमास्तम्भ

हालको ६ प्रदेशका २७ जिल्ला र भारतको पाँच राज्यका उत्तरपूर्व र पश्चिमका गरी १९ जिल्ला जोडिएको १,८८० कि.मि. लामो नेपाल-भारत सीमारेखा कायम गरिएको छ । यसमा ६० ओटा नदीमा ६४७ कि.मि. सीमारेखा कायम गरिएको छ, भने १,२३३ कि.मि. जमिन (हिमाल,पहाड र समथर भूभाग) मा सीमारेखा कायम गरिएको छ । नेपाल भारत सीमामा हालसम्म नक्साङ्कन गरिएको स्थानको १८२ थान (१ :५०,००० मान नापका) सीमा-नक्सा तयार पारी जम्मा ८,५५३ ओटा सीमास्तम्भ अङ्कन गरिएकामा जमिनमा ५,२७६ ओटा स्तम्भ मात्र निर्माण गरिएको छ । तीमध्ये पनि ४९९ ओटा स्तम्भ हाल नदी र खोलाले बगाएको छ भने २०२ स्तम्भहरू हराइसकेका छन् । अहिले २०६४ ओटा मात्र कायम छन् । अहिलेसम्म ३,२७७ ओटा सहायक सीमा स्तम्भ निर्माण गर्न बाँकी छ । तीमध्ये पनि १,६३८ स्तम्भहरू नदी नाला तथा खोला खहरेहरूको पानीमा पर्ने भएका हुनाले निर्माण कार्य हुनसकेको छैन । अझ पश्चिमोत्तर नेपालको महाकाली नदीको उद्‌गमस्थल लिम्पियाधुरा भञ्ज्याङदेखि लिपुखोला दोभान माथिल्लो कावासम्मको करिब ५० कि.मि. क्षेत्रमा हालसम्म नक्साङ्कनको काम हुन सकेको छैन भने सीमाङ्कनको काम धेरै टाढाको विषय भएको छ ।

नेपाल भारत सीमारेखामा हाल २४ ओटा मूल भन्सार नाकाहरू रहेका छन् र १३५ ओटा छोटी भन्सार नाकाहरू गरी जम्मा १५९ नाकालाई औपचारिक रूपमा भन्सार नाका तोकिएका छन् । नेपाल भारतबिचको सीमा अन्तर्राष्ट्रिय कानुनअनुरूप नियमन भइनसकेकोले दुई देशका नागरिकहरूले एक अर्को देशमा खुला रूपमा अवत्जावत् गर्ने गरेका छन् ।

### (घ) नेपाल भारत सीमा विवाद र समाधान

नेपाल भारतबिच १८८०.३७ किलोमिटर लामो सीमारेखामा नक्साङ्कनको काम सुगौली सन्धिलगत्तै ४३ वर्ष लगाएर १८१७ देखि १८६० सम्म गरिएको थियो । पाँचदेखि सात माइलको फरकमा ९१३ ओटा मूल खम्बाका रूपमा जङ्गे सीमास्तम्भ स्थापना गरिएको थियो । सिमानाको रेखाङ्कन कार्य, दशगजा स्पष्ट पार्ने कार्य, भत्केबिग्रेका सीमा स्तम्भहरूको मर्मतसम्भार एवम् नयाँ निर्माण कार्य २६ वर्ष लगाएर सन् १३ डिसेम्बर २००७ सम्म नेपाल भारत संयुक्त प्राविधिक स्तरीय सीमा समितिले गऱ्यो । तर सम्पूर्ण कार्य पूरा हुन सकेन । यद्यपि सीमाङ्कनको सिलसिलामा १८२ थान सीमा नक्सा तयार पारी ८,५५३ ओटा सीमा स्तम्भको नक्साङ्कन तयार गरी ९७.५ प्रतिशत कार्य सम्पन्न भई २.५ प्रतिशत कार्य मात्र सम्पन्न हुन बाँकी रहेको भनिएको थियो । २०६४ पुस ३-४ गते सम्पन्न भएको ३१औँ बैठकसम्ममा पनि उक्त कार्य सम्पन्न हुन सकेको थिएन । यसैगरी २०७६ साल भदौ ४ र ५ गते नेपालमा सम्पन्न नेपाल

भारत संयुक्त आयोगको बैठकले सुस्ता र कालापानी क्षेत्रको नक्साङ्कन गर्न परराष्ट्र सचिव स्तरीय संयन्त्रलाई निर्देशन गऱ्यो तर हालसम्म यसले कुनै काम गर्न सकिरहेको छैन ।

### (ङ) नेपाल र भारतबिचका सीमा विवादित स्थानहरू

नेपाल भारत सीमाङ्कनको अन्तिम कार्य हालसम्म पनि नसकिनुको प्रमुख कारण विभिन्न स्थानमा रहेको सीमारेखाको विवाद हो । हाल नेपालको पूर्वोत्तर सीमादेखि पश्चिमोत्तर सीमासम्म २७ जिल्लामध्ये २४ जिल्लाका विभिन्न स्थानमा सीमा विवाद कायम छ । यी विवादहरू कुनै स्थानीय जनताका तर्फबाट जबर्जस्ती जमिन मिच्ने कार्यबाट उत्पन्न भएका छन् भने कुनै स्थानमा भारतको तर्फबाट नियोजित ढङ्गले नेपाली जमिन मिच्ने कार्य भएको छ । उदाहरणका लागि नेपालको दक्षिणमा रहेको दशगजाको कतिपय भूभाग स्थानीय रूपमा मिचिएका छन् भने लिम्पियाधुरा कालापानी लिपुलेक क्षेत्रमा भारतले अतिक्रमण गरेको छ । यहाँ नेपाल र भारतबिचका सीमा विवाद रहेका स्थानहरूमध्ये लिम्पियाधुरा कालापानी क्षेत्र र नवलपरासीको सुस्ताको सीमा विवाद उल्लेख गरिएको छ ।

### (अ) लिम्पियाधुरा कालापानी लिपुलेक क्षेत्र

दार्चुला जिल्लाको व्यास गाउँपालिकाको वडा नं.१ र २ मा पर्ने कालापानी लिम्पियाधुरा क्षेत्रको माथिल्लो कावादेखि उत्तर कालापानी, लिपुलेक, तुलसीन्यराङ, नाभिडाङ, गुन्जी, नावी, निहाल, कुटी, बिल्सा हुँदै लिम्पियाधुरासम्मको करिब ५४२ बर्ग कि मि क्षेत्रफल भएको जमिन भारतद्वारा मिचिएको छ । नेपाल-भारत संयुक्त प्राविधिकस्तरीय सीमा समितिले सिमानाको रेखाङ्कन कार्य, दशगजा स्पष्ट पार्ने कार्य, भत्केबिग्रेका सीमा स्तम्भहरूको मर्मतसम्भार एवम् नयाँ निर्माण कार्य वि.सं. २०३८ अर्थात् सन् १९८१ मा सुरु गरी वि.सं. २०६४ मंसिर २७ अर्थात् सन् १३ डिसेम्बर २००७ सम्म गरेको थियो । तर यसले केही कार्य पूरा गर्न सकेन । वि.सं. २०६४ पुस ३-४ गते सम्पन्न भएको ३१ औं बैठकसम्ममा पनि कालापानी लिम्पियाधुरासहित केही विवादित स्थानमा सीमारेखाङ्कन कार्य सम्पन्न हुन नसकेको प्रसङ्ग अगाडि नै उल्लेख भइसकेको छ ।

सन् १९५२ देखि १९६९ (वि.सं. २००९ सालदेखि २०२६ साल) सम्म कालापानी लिपुलेकबाहेक नेपाल चीन सीमाका विभिन्न १८ स्थानमा भारतीय सुरक्षा फौज राखिएको थियो । वि.स. २०२६ सालमा त्यसलाई हटाइयो । तर वि.स. २०१८ देखि लिपुलेक कालापानी क्षेत्रमा रहेको भारतीय सुरक्षाफौज भने हटेन । उसले नेपालमा रहेका सम्पूर्ण फौजलाई कालापानी क्षेत्रमा केन्द्रित गऱ्यो । वि.सं. २०१९ सालमा भारत-चीन सीमा युद्धमा भारतको पराजय भएपछि तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले नेपालका तत्कालीन राजा श्री ५ महेन्द्र वीर विक्रम शाहदेवसँग कालापानी क्षेत्रमा केही समयका लागि आफ्नो सेना राख्न अनुमति मागेको र ६० वर्ष अगाडि केही समयका लागि भनेर सेना राखेको भारतले उक्त प्रयोजन सकिएपनि सेना फिर्ता लैजानुको सट्टा उल्टै उक्त नेपाली भूमि भारतीय नक्साभित्र समेटेर नक्सा प्रकाशित गरेको छ । नेपालले आफ्नो भूमिबाट सेना फिर्ता गरी नेपाली भूमि खाली गर्नुपर्दछ भनी अनुरोध गर्दै आएको छ । कालापानी लिम्पियाधुरा क्षेत्रको माथिल्लो कावादेखि उत्तर कालापानी, लिपुलेक,

तुलसीन्यराङ, नाभिडाङ, गुन्जी, नावी, निहाल, कुटी, बिल्सा हुँदै लिम्पियाधुरासम्मको करिब ५४२ बर्ग कि.मि. क्षेत्रफल भूभाग नेपालको भएको भए पनि भारतले विवाद गरिरहेको छ । यो भूभाग नेपालको रहेको पुष्टि गर्ने केही आधारहरू निम्नानुसार छन् :

(क) सुगौली सन्धि (वि.स. १८७३) को धारा ५ ले काली नदी पश्चिमको भागमा नेपालले दावी गर्ने छैन भनी काली नदीसम्म नेपालको सिमाना कायम गरेको देखिन्छ । यसबाट काली नदी सहित सोभन्दा पूर्वको भाग नेपाल रहेको स्पष्ट छ ।

(ख) तत्कालीन समयमा प्रकाशित नक्साहरू

(ग) जुलाई २२, १९४९ (वि.सं.२००६ साल साउन ७ गते) मा तत्कालीन नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घको सदस्यताका लागि गरेको अनुरोधपत्रमा उल्लिखित नेपालको नक्सा

(घ) विभिन्न समयमा सीमा निर्धारण, जनगणना तथा तिरो तिरेका प्रमाण र आधारहरू

(ङ) विभिन्न सीमाविद् अनुसन्धानकर्ताका निष्कर्षहरू

नदी प्रणालीसम्बन्धी नियमानुसार सबैभन्दा लामो र जलाधार क्षेत्र सबैभन्दा धेरै भएको नदी नै मुख्य नदी हुन्छ । भौगोलिक सूचना प्रणाली (Geographic Information System) र दुर सम्प्रेक्षण प्रणाली (Remote Sensing) प्रयोग गरी नदीविज्ञानको विश्लेषण गर्दा काली, लिपु र टिङ्कर नदीको लम्बाइ क्रमश ६६.७८, २४.२१ र २९.९२ कि. मि. छ । त्यसरी नै काली, लिपु र टिङ्कर नदीको जलाधार क्षेत्रको क्षेत्रफल क्रमश ७७९.५६, २५३.६४ र ४५७.५५ वर्ग कि. मि. छ । यहाँ काली नदीको लम्बाइ र क्षेत्रफल नजिकका अन्य नदीहरूको भन्दा धेरै छ । तसर्थ यस तथ्यले काली नदीको मूल पश्चिमोत्तर शाखा नै देखाउँछ । नदीको क्रमानुसार र शाखाहरूको सङ्ख्या विश्लेषण गर्दा काली, लिपु र टिङ्कर नदीको क्रमश ५, ३, ४ र ११६, २७, ४७ छ । यस तथ्यमा पनि काली नदीको जलधार क्षेत्रमा ५ सम्मको नदी क्रम र धेरै शाखा प्रशाखाहरूको उपस्थितिले काली नदीको मूल पश्चिमोत्तर शाखा नै देखाउँछ । भुसाल (सन् १९९८) को स्थलगत अध्ययनअनुसार काली र लिपु नदीको बहाव क्रमशः २२ र ७ घनमिटरप्रति सेकेन्ड ($m^3/s$) छ । यस तथ्यअनुसार पनि पश्चिमोत्तर शाखाबाट बग्ने नदीको वहाब धेरै छ । तसर्थ सोही शाखा काली नदीको मुहान हो । कालापानी लिम्पियाधुरा क्षेत्रसहित नेपालको भूभाग निम्नलिखित नक्सामा देखाइएको छ :

नेपालको पश्चिमोत्तर सीमा




Prepared by Sher Bahadur Gurung Tribhuvan university Nepal

Note: Rivers were generated from Advanced Spaceborne al Emission and Reflection Radiometer (ASTER) 30-Meter-Resolution Digital Elevation Model (DEM),

चित्र १८ : लिम्पियाधुरा, लिपुलेक र कालापानीको नदी प्रणालीको नक्सा




चित्र १९ : लिम्पियाधुरा, कालापानी र लिपुलेकको भारतद्वारा अतिक्रमित क्षेत्रको स्थान नक्सा (Location Map)

पहिलेदेखि नै नेपालभित्र रहेको यसअघि विवाद नभएको कालापानीसम्मको करिब ८२ वर्ग कि.मि. क्षेत्र (टिङ्कर भन्ज्याङ र कालापानीबिच) गत २०७७ कार्तिक १६ गते (२ नोभेम्बर, २०१९) मा भारतले नयाँ नक्सामा समावेश गऱ्यो । यही क्षेत्रमा भारतको भारत चीन सीमा सुरक्षा बल तैनाथ गरिएको छ । प्रथमतः नेपाली भूमि कब्जा गरेर सैन्य क्याम्प खडा गरेको र दोस्रो नेपाली भूमिमा एकतर्फी रूपमा बाटो निर्माण गरेकोमा नेपालले त्यसको विरोध जनायो । भारतले हालै निर्माण गरेको करिब १९ कि.मि. सडक पनि यही क्षेत्रबाट चीनको सीमातर्फ जान्छ । यसपछि नेपाल सरकारले पनि लिम्पियाधुरा लिपुलेक कालापानी क्षेत्रको भूभागका साथै अन्य अतिक्रमित भूभागलाई समेत समेटेर मिति २०७७ साल जेठ ७ गते नेपालको आधिकारिक नक्सा प्रकाशित गरेको छ । जसमा मिति २०७७ साल जेठ ३१ गते प्रतिनिधि सभा र २०७७ असार ४ गते राष्ट्रियसभाबाट सर्वसम्मतिले नेपालको संविधानमा दोस्रो संशोधन गरी नयाँ नक्साअनुसार संविधानको अनुसूची ३ को नेपालको निशान छापलाई अद्यावधिक गरिएको छ । यसअनुसारको संविधान संशोधन मिति २०७७ असार ४ गते राष्ट्रपतिबाट प्रमाणित भई लागु भएको छ । यस नक्सामा काली नदीको मुहान लिम्पियाधुरासहित काली (महाकाली) नदी पूर्वको कुटी, नावी, गुन्जी, नाभिडाङ, तुल्सी न्युराङ र लिपुलेकको सम्पूर्ण भूभाग समेटिएको छ । यसबाट नेपालको नक्सा

निम्नअनुसार कायम भएको छ :




चित्र २० : नेपालको अद्यावधिक नक्सा

### (आ) नवलपरासीको सुस्ताको सीमा विवाद

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुस्ताको वडा नं. १-४ र ६-९ को साविकमा उत्तर दक्षिण बगेको नारायणी नदीले वर्षामा ठुलो बाढी आउँदा पश्चिमतर्फ धार बदल्दै जाँदा नदीले छोडेको नेपालको भूभाग भारतीयहरूद्वारा अतिक्रमण गर्दै करिब १४५ वर्ग कि.मि. जमिन मिचिएको छ । नेपाल भारत संयुक्त सीमा अनुगमन टोलीले नदीको वहावसँग नभई स्थिर सीमा सिद्धान्तअनुसार यसलाई समाधान गर्ने भनेर सहमति जनाए पनि सहमतिको पालना नहुँदा भारतीय पक्षबाट सीमा अतिक्रमण भई सीमा विवाद भएको देखिन्छ । नेपालले सीमा विवादसँगै भारतसँगको सम्बन्धका क्षेत्रमा रहेका समस्याहरूको शान्ति र मैत्रीपूर्ण वातावरणमा समाधान गर्नका लागि निरन्तर भारत सरकारसँग आग्रह गर्दै आएको छ । नेपाल भारत संयुक्त सीमा अनुगमन टोलीले नदीको वहावसँग नभई




चित्र २१ : सुस्ताको विवादित क्षेत्र

स्थिर सीमा सिद्धान्तअनुसार यसलाई समाधान गर्ने भनेर सहमति जनाए पनि यसको पालना नहुँदा सीमा विवाद रही भारतीय पक्षबाट सीमा अतिक्रमण भएको छ । यो सीमा विवादलाई पनि पूर्व निर्धारित स्थिर सीमा सिद्धान्तमा आधारित भई द्विपक्षीय वार्ताद्वारा समाधान गरी सीमारेखा निर्धारण गर्नु आवश्यक छ ।

## परिशिष्टहरू

## परिशिष्ट : १

# नक्साको परिचय र प्रयोग

## परिचय

कुनै पनि मुलुकको भौगोलिक अवस्था, भूबनोट, सिमाना, क्षेत्रफललगायतका विषयको अध्ययनका लागि नक्सा एउटा महत्त्वपूर्ण र उपयोगी सामग्री हो । यस पाठमा माध्यमिक तहका विद्यार्थीहरूलाई नक्साको बारेमा जानकारी दिने, उपलब्ध भएका विभिन्न प्रकारका नक्साको प्रयोग गरेर आफ्नो मुलुकको अवस्थिति, भूबनोट, सिमाना, भूराजनीतिक अवस्थाको वस्तुगत रूपमा अध्ययन र मनन गर्ने, सिमानासम्बन्धी समस्याहरूको पहिचान गर्ने र तिनको समाधानका लागि उपयुक्त उपायहरूको खोजी गर्ने प्रवृत्तिको विकास गर्ने उद्देश्यले विभिन्न प्रकारका नक्साहरूको उपयोगिता, नक्सा बनाउने र उपलब्ध भएका विभिन्न प्रकारका नक्साको प्रयोग गर्ने तरिका र नक्साका लागि आवश्यक विभिन्न तत्त्वहरूका बारेमा चर्चा गरिएको छ ।

ग्लोबले पृथ्वीको यथार्थ स्वरूपको प्रतिनिधित्व गर्दछ तथापि यसको प्रयोग सीमित छ । अतः पठनपाठन, अध्ययन र अनुसन्धानका लागि नक्सा बढी उपयोगी हुन्छ । जमिनमा भएको सबै ठिकठिक स्थानलाई उतारेको रेखाचित्रलाई नक्सा (Map) भनिन्छ । यसमा गोलाकार पृथ्वीलाई समतल रूपमा देखाइएको हुन्छ । नक्सा पृथ्वीको धरातलको वा यसको कुनै भागको त्यस्तो प्रतिनिधित्व हो जसमा भौतिक, सामाजिक तथा राजनीतिक स्वरूपहरूलाई समतल कागजमा कुनै निश्चित नाप (Scale) अनुसार उतारिएको हुन्छ । यसमा हिमाल, पहाड, तराई, घर, मन्दिर, सडक, खोला, भिर, पहिरो, सम्म, उच्च ठाउँ एवम् अन्तर्राष्ट्रिय र प्रान्तीय सिमानाहरू देखाइएको हुन्छ । नक्सामा कुनै पनि ठाउँको धरातल वा विशाल क्षेत्रहरूलाई धेरै सानो मापकमा उतारी देखाएको हुन्छ । भौगोलिक नक्साले पृथ्वी वा यसको कुनै भाग अक्षांश र देशान्तरअनुसारको भूस्वरूप र त्यसको अवस्थितिलाई देखाउँछ । नक्साले हाम्रो वरपरको वातावरण वा परिवेशलाई रेखाचित्रद्वारा देखाउँछ । नक्सा अध्ययन, पहिचान र निर्माण गर्ने विधालाई नक्साविज्ञान भनिन्छ । नक्साविज्ञानमा कला र विज्ञानको अनुपम संयोजन हुन्छ । नक्सा तयार पार्दा भूगोल, गणित, रेखाचित्र विज्ञान, कम्प्युटर, भौगोलिक सूचना प्रणाली, सुदूर संवेदन प्रणाली, भौतिकविज्ञान, भूउपग्रह, खगोलशास्त्र आदि जस्ता विज्ञान र अन्तिम नक्साको ढाँचा तयार पार्दा प्रयोगकर्ताको मनोविज्ञान, सामाजिक, सांस्कृतिक आदि कला पक्षलाई ध्यान दिइएको हुन्छ ।

### नक्साका प्रकारहरू

नक्सा विभिन्न प्रकारका हुन्छन् । सर्वेक्षण नक्साहरू निम्नलिखित दुई प्रकारका हुन्छन् :

(क) **समतल सर्वेक्षण नक्सा (Plane Survey 2D Map)** : यस नक्सामा पृथ्वीको सतहको सानो भूभागको प्रतिनिधित्व गर्नुपर्दा पृथ्वीको गोलाकार स्वरूपलाई ध्यान नदिई समतल स्वरूप ठानिएको हुन्छ, जस्तै : कित्ता नापी नक्सा ।

(ख) **भूसर्वेक्षण नक्सा (Geodetic Survey 3D Map)** : यस नक्सामा पृथ्वीको गोलाकार स्वरूपको बक्रलाई ध्यान दिई उच्चस्तरको शुद्धतामा सर्वेक्षण गरेको हुन्छ । जस्तैः स्थलरूप नक्सा (Topographical Map/Sheet) पृथ्वीका भूस्वरूप धेरै हुन्छन र ती सबै एउटै नक्सामा प्रस्तुत गर्न सकिँदैन । साथै यसको प्रयोगकर्ता पनि भूगोलवेत्ता मात्र नभई सैनिक, अर्थशास्त्री, योजनाविद्, पर्यटक र आम मानिस हुन्छन् । तसर्थ मापक, उद्वेश्य र उपयोगिताको आधारमा नक्साको वर्गीकरण गरिएको हुन्छ ।

**मापकअनुसार नक्साको वर्गीकरण**

(क) **भित्ते नक्सा** : नक्साको मापकको आधारमा नक्सालाई भित्ते नक्सा र एटलस भनी वर्गीकरण गरिन्छ । यो नक्सा कक्षाकोठामा झुन्ड्याएर पठनपाठनमा प्रयोग गरिन्छ । यो नक्सा सानो मापकको हुन्छ जसमा देश, महादेश वा विश्वको स्थानीय उचाइ, मौसम, वनस्पति, माटो, खनिज, सडक, हवाईमार्ग आदि देखाएको हुन्छ ।

(ख) **नक्सा किताब (Atlas)** : यसलाई मानचित्र नक्सा पनि भनिन्छ । एटलसमा विभिन्न प्रकारका नक्साहरूलाई क्रमबद्धरूपमा व्यवस्थित गरिएको हुन्छ । यसको मापक स्थलाकृत नक्साभन्दा सानो हुन्छ । यसले पनि देश, महादेश वा विश्वको स्थानीय उचाइ, मौसम, नदी प्रणाली, वनस्पति, माटो, खनिज, सडक, हवाई मार्ग, महत्त्वपूर्ण ठाउँहरू देखाएको हुन्छ । एटलस पनि विभिन्न प्रकारका हुन्छन् । स्कुल एटलस, विस्तृत एटलस (Advanced Atlus), प्रादेशिक एटलस र राष्ट्रिय एटलस यसका उदाहरण हुन् ।

स्कुल एटलसमा आफ्नै देशका नक्साहरू विस्तृत रूपमा दिइएको हुन्छ । महादेश र विश्वका नक्सामा स्थायी प्रकृतिका पहाड, पर्वत, खोलानाला आदि समाविष्ट गरिन्छ । विस्तृत एटलसमा महादेशहरूको कुनै सानो क्षेत्रको विस्तृत विवरणका नक्साहरू सन्दर्भ सामग्रीको रूपमा समाविष्ट गरिएको हुन्छ । प्रादेशिक एटलसमा प्रादेशिक योजनाका लागि सानो क्षेत्रको विस्तृत विवरणका नक्साहरू तयार पारिएका हुन्छन् । प्राय :देशहरूले आफ्नो देशको विस्तृत विवरण भएका नक्साहरू तयार पारेका हुन्छन्, त्यसैलाई नै राष्ट्रिय एटलस भनिन्छ ।

**उद्वेश्यअनुसार नक्साको वर्गीकरण**

(क) **कित्ता नापी नक्सा** : यो नक्सा व्यक्तिगत जमिनको सम्पत्तिसम्बन्धी दर्ताका लागि कोरिएको हुन्छ । यो व्यक्तिगत जग्गाको हकभोगको जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) स्रेस्ता राख्न तयार पारिएको हुन्छ । यो सरकारी नक्सा हो ।

(ख) **सामुद्रिक एवम् हवाई पथप्रदर्शन चार्टहरू** : सामुद्रिक पथप्रदर्शन चार्टमा सामुद्रिक भूस्वरूपहरू (तट, भिर), पानीको गहिराइ, छाल, तरङ्ग, अक्षांश र देशान्तर देखाएको हुन्छ जसको सहायताले सामुद्रिक यात्रा सहज हुन्छ । हवाई पथ प्रदर्शन चार्टमा हवाई रेखाहरू, विमानस्थलहरू र प्रतिबन्धित क्षेत्रहरू देखाएको हुन्छ ।

(ग) **वाणिज्य नक्सा** : यो नक्सा कुनै उद्धेश्य परिपूर्ति गर्न स्थलरूप नक्साको आधारमा तयार पारिन्छ । यसमा सडक, रेल र हवाई सञ्जाल, पर्यटक नक्सा, नगर नक्सा, उत्पादन नक्सा र वितरण नक्सा देखाइएको हुन्छ ।

(घ) **हावापानी नक्सा** : यो नक्सा पनि सरकारी निकायले प्रकाशित गर्दछ । यसले हावाको चाप, गति, दिशा, बादल, वर्षा, शीत, हिउँ, समुद्रको अवस्थाजस्ता दैनिक हावापानीको स्थिति देखाउँछ ।

(ङ) **भौगर्भिक नक्सा** : यो नक्सा पनि सरकारी निकायले प्रकाशित गर्दछ र यसमा भौगर्भिक स्वरूपहरू (चट्टानको किसिम, झुकाव आदि) देखाइएको हुन्छ ।

(च) **राजनीतिक नक्सा** : यो नक्सा पनि स्थलरूप नक्साको आधारमा तयार पारिन्छ । यसमा देशको अन्तर्राष्ट्रिय, प्रादेशिक, जिल्ला, नगर र गाउँको सिमाना तथा सदरमुकामहरू, मुख्य सहरहरू, सडक सञ्जाल, राजमार्गहरू देखाइएको हुन्छ ।

(छ) **स्थानीय उचाइ नक्सा** : यो नक्सा पनि स्थलरूप नक्साको आधारमा तयार पारिएको हुन्छ र स्थानीय उचाइ तथा नदी प्रणाली एकैसाथ प्रस्तुत गरिएको हुन्छ ।

(ज) **मौसम नक्सा** : यो नक्सा भित्ते वा एटलस नक्सामा पनि प्रयोग गरिन्छ । यसमा मौसमअनुसारको हावाको चाप, तापक्रम, वर्षा एवम् वार्षिक वर्षा देखाइन्छ ।

(झ) **कृषि नक्सा** : यस नक्सामा माटाको गुण, भूमिको उपयोगिता, भूमि वर्गीकरण र कृषि भूमिको पर्यावर्गीकरण देखाइएको हुन्छ ।

(ञ) **स्थलरूप नक्सा** : अरू नक्साजस्तै स्थलरूप नक्सा पनि अक्षांश, देशान्तर उचाइअनुसार विभिन्न प्राकृतिक तथा सांस्कृतिक स्वरूप र वस्तुहरूको वास्तविक स्थितिको वितरण तथा विश्लेषण देखाउन समतल सतहमा मापकको प्रयोग गरी तयार पारिने चित्र हो । यो एक सरकारी नक्सा हो । यो नक्सा देशभरि नै व्यापकरूपमा प्रयोग गरिएको पाइन्छ । यी नक्साहरू नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभागद्वारा बनाउने र प्रकाशन गर्ने गरिन्छ । यो नक्सा सिट (Sheet) मा तयार पारिएको छ । प्रत्येक सिटमा साविकको गाविस तथा नगरपालिकाहरूको पूर्ण वा आंशिक भाग परेको हुन्छ । यी करिब ६७५ ओटा सिटहरूमा उपलब्ध (नेपाल र भारत सीमा विवाद बाहेकका) छन् । यी नक्साहरू रङ्गीन छन् । यिनलाई मौलिक वा आधारभूत नक्साका रूपमा लिइन्छ । यी नक्साहरू साविकका २० ओटा तराई र ३९ पहाडी गरी ५९ जिल्लाहरूका लागि १ : २५००० को ठुलो माननापमा र १६ हिमाली जिल्लाहरूका लागि १ : ५०००० को सानो माननापमा तयार गरिएको छ । यी नक्साहरूमा योजना र विकासका लागि आवश्यक आधारभूत तत्त्वहरू समाविष्ट गरिएका हुन्छन् । यस नक्सामा अक्षांश, देशान्तर, सम्मोच्च रेखा, नदीनाला, सडक, बस्ती, गाउँ, भूउपयोग आदि आधारभूत जानकारीहरू समावेश गरिएका छन् ।

## नक्साका तत्त्वहरू र नक्सा अध्ययनका तरिका

**(क) मापक (Scale)**

मापक (Scale) भन्नाले नक्साको कुनै दुई विन्दुको दुरी र सोही विन्दुहरूबिचको जमिनको दुरीको अनुपात (Ratio) भन्ने बुझिन्छ । जमिनको दुरीलाई कागजको दुरीमा अनुपातिक ढङ्गले परिवर्तन गराउन मद्दत गर्ने तरिकालाई माप भन्दछन् ।

जस्तै :मापक = $\frac{\text{नक्सा को a र b दुई विन्दुको दुरी}}{\text{जमिनको A र B दुई विन्दुको दुरी}}$




चित्र नं. १ : मापक

**(ख)** **मापक (Scale) का प्रकारहरू** : मापकको मद्वतले जमिनको विभिन्न भागहरू सुहाउँदो मान (Value) मा देखाउन सकिन्छ । त्यसकारण कामको उद्देश्य, स्रोत साधन इत्यादिको आधारमा जमिनको स्वरूपलाई विभिन्न मापकमा प्रतिनिधित्व गरिन्छ । नक्सामा देखाइने मापक निम्नलिखित हुन्छन् :

**(क)** **इन्जिनियरिङ मापक (Engineering Scale) :** कुनै एकाइ (Unit) बराबर त्यति फिट भनी नक्सामा जनाइन्छ भने यसप्रकारको मान नापलाई इन्जिनियरिङ मापक भनिन्छ । जस्तैः १" = ८' फिट

**(ख)** **सङ्ख्यात्मक माननाप (Numerical Scale)** : १ से.मि. = ५ मि. र १ : ५०० १ से.मि. १०/१ : १००० मि. इत्यादि लेखिएको मापकलाई सङ्ख्यात्मक माननाप (Numerical Scale) भनिन्छ ।

**(ग)** **रेखात्मक माननाप (Graphical Scale)** : एउटा रेखालाई सजिलो किसिमले कुनै इकाइमा विभाजन गरी त्यस रेखाको आधारमा नक्साको दुई विन्दुबिचको दुरी पत्ता लगाइन्छ । त्यस्तो

Plane Scale मा विकर्ण (Diagonal) रेखाले प्रतिनिधित्व गरी बनाएको scale लाई रेखात्मक माननाप (Graphical Scale) भनिन्छ ।




चित्र २ : रेखात्मक माननाप

(घ) **अक्षांश (Longitude)** : सामन्यतः उत्तरी ध्रुव र दक्षिणी ध्रुवबिचको अवस्थिति अक्षांश हो । पृथ्वीको केन्द्रदेखि भूमध्य रेखा (उत्तर र दक्षिण ध्रुवको बिच) लाई $0^0$ अक्षांश मानिन्छ । यो मान बढ्दै उत्तर र दक्षिण ध्रुवमा $९0^0$ हुन्छ । साधारणतया भूमध्ये रेखामा १0 अक्षांश र देशान्तर बराबर १११ कि. मि. हुन्छ ।




चित्र नं. ३

(ङ) **देशान्तर (Latitude)** : पृथ्वीको कुनै ठाउँ हुँदै उत्तर र दक्षिण ध्रुव जोड्ने काल्पनिक रेखालाई देशान्तर भनिन्छ । सन् १८८४ को International Meridian Conference मा भएको अन्तर्राष्ट्रिय सहमतिअनुसार लन्डनको ग्रिनविच ($0^0$ देशान्तर) लाई देशान्तरको उद्‌गम स्थान मानियो । ग्रिनविचदेखि $१८0^0$ लाई पूर्व र $१८0^0$ भन्दा बढी पश्चिम देशान्तर भनिन्छ । $३६0^0$ देशान्तर बराबर २४ घन्टा वा १ दिन र $१५^0$ बराबर १ घण्टा हुन्छ ।

(च) **स्थान र अवस्थिति** : हामीसँग भएका प्रायः नक्साहरूमा अक्षांश र देशान्तर हुन्छन् । यी दुईको मिलन विन्दुले कुनै ठाउँमा हुने विविध क्रियाकलापहरूको वास्तविक अवस्थिति देखाउँछ । पृथ्वीको सतहको कुनै विन्दु वा क्षेत्रलाई अक्षांश र देशान्तरको आधारमा व्यक्त गरियो भने त्यसलाई निरपेक्ष अवस्थिति भनिन्छ । जस्तै, सगरमाथाको चुचुरोको निरपेक्ष अवस्थिति $२७^0$५९'१७" उत्तरी अक्षांश र $८६^0$५५'३0" पुर्बी देशान्तर हो । दुरी, दिशा, प्रविधि र सांस्कृतिक आधारमा कुनै विन्दु

वा क्षेत्रलाइ व्यक्त गरियो भने त्यसलाइ सापेक्ष अवस्थिति भनिन्छ । जस्तैः लिम्पियाधुरा गुन्जीदेखि ४३ कि. मि. टाढा अवस्थित छ भनियो भने दुरी बुझाउँछ भने लिम्पियाधुरा नेपालको उत्तरपूर्व सिमानामा अवस्थित छ भनिएमा दिशा बुझिन्छ । महेन्द्रनगरदेखि दार्चुला बसबाट ११ घण्टा ४० मिनेटमा पुगिन्छ भन्दा प्रविधिका आधारमा अवस्थितिको जानकारी दिइयो । गुन्जीदेखि कालापानी एक बिहान (९.७ कि. मि.) टाढा छ भनिएमा सांस्कृतिक आधार लिइयो । वास्तवमा अवस्थितिको आधारमा नै नक्सा तयार पारिन्छ ।

कहिलेकाही पदयात्री, पर्वतारोही, पर्यटक, पथप्रदर्शक, अध्ययन अनुसन्धानकर्ता आदिले नक्सामा आफ्नो अवस्थिति पत्ता लगाउन गाह्रो हुन्छ । उक्त अवस्थामा धैर्यका साथ वरपरका क्षेत्रभन्दा केही अग्लो (Commanding विन्दु) मा जाने, नक्साका सङ्केत र चिह्नअनुसार जमिनका स्थानहरू पत्ता लगाउने, उक्त स्थानहरूअनुसार जमिनतर्फ नक्सा उन्मुख गरेर आफ्नो अवस्थिति पत्ता लगाउने, रेखाचित्रका आकार, प्रकार, (नदीनाला, सडक, सम्मोच्च रेखा अध्ययन) ढाँचा आदिको आधारमा स्थानहरू पत्ता लगाउने । जमिनतर्फ नक्सा उन्मुख गरेर दुई वा तीनओटा रेखा तानौं, ती रेखाहरू नक्सामा जहाँ काटिन्छ, त्यही नै आफ्नो अवस्थिति हो (चित्र नं. १) । आपत्कालीन परिस्थिति जस्तै, भूकम्प, पदयात्रा र पर्वतारोहणमा हराउँदा निरपेक्ष अवस्थिति सम्बन्धित निकायलाइ जानकारी गराएमा समयमा नै उद्धार हुन्छ । मोबाइल फोनबाट अवस्थिति सक्रिय पारेका फोटाहरू सम्बन्धित निकायलाई पठाए निरपेक्ष अवस्थिति पनि थाहा हुन्छ ।

(च) **नक्साको दिशाः** प्रायःनक्साहरूमा अक्षांश र देशान्तर हुन्छन् । अक्षांशको मान बढ्दै जाने दिशा उत्तर दिशा हो भने मान घट्दै जाने दिशा दक्षिण दिशा हो । त्यस्तै देशान्तरको मान बढ्दै जाने दिशा पूर्व दिशा हो भने मान घट्दै जाने दिशा पश्चिम दिशा हो । नक्सा विज्ञानअनुसार नक्साको शीर्षक उत्तरतर्फ हुन्छ, नदी र पर्वतीय शृङ्खलाको नामबाहेक स्थानको नामको अक्षरहरू उत्तरतर्फ उन्मुख हुन्छ ।

पदयात्री, पर्वतारोही, पर्यटक, पथप्रदर्शक, अध्ययन-अनुसन्धानकर्ता आदि यात्रा समयमा हराउन सक्छन् । उक्त अवस्थामा दिशा पत्ता लगाएर सुरक्षित स्थानमा पुग्न सकिन्छ । यस्तो परिस्थितिमा धैर्यका साथ आफ्ना वा वस्तुको छायाको आधारमा दिशा पत्ता लाग्छ । बिहान छाया पश्चिमतर्फ र बेलुकी पूर्वतर्फ हुन्छ । मध्यान्हमा वा सही दिशा पत्ता लगाउन केही समयको अन्तरालमा ४-५ ओटा लट्ठी गड्दा जुन दिशातर्फ छाया सर्छ त्यतै बिहान वा बेलुकीको समयअनुसार पश्चिम वा पूर्व दिशा हुन्छ । रातको समय भएमा चन्द्रमा र औंसीको रात भएमा तारा मण्डल हेरेर जुन दिशातर्फ सरेको छ उक्त दिशा पश्चिम हुन्छ ।

(छ) **सम्मोच्च रेखा** : धरातलको सामुद्रिक सतहभन्दा माथिको समान उचाइ भएका ठाउँहरूलाई जोड्ने रेखालाई सम्मोच्च रेखा भनिन्छ । नेपालको स्थलरूप नक्सामा एक सम्मोच्च रेखादेखि अर्को रेखाबिचको उचाइ भिन्नता २० मि.मात्र रहेको छ । यसको सहायतले भूस्वरूपको उचाइ

एवम् ढाल (जस्तै : उपत्यका, बेँसी, टार, भन्ज्याङ, जलाधार, मैदान आदि) पत्ता लगाउन सकिन्छ । सम्मोच्च रेखाहरू एकआपसमा एकदमै नजिक छन् भने तीव्र ढाल भएको जमिन, सम्मोच्च रेखाहरू टाढा टाढा छन् भने ढालको झुकाव घट्दै गएको जमिन बुझाउँछ । यो स्थायी प्रकृतिको भूस्वरूप भएकाले नक्सा पहिचान गर्दा यसलाई आधार मान्न सकिन्छ ।

(ज) **नदीनाला** : जलप्रणाली भन्नाले नदीहरूको विभिन्न आकार, लम्बाइ जोडिएको भन्ने बुझाउँदछ । सम्मोच्च रेखा एवम् नदी प्रणाली दुवैको संयुक्त नक्साले नदी बहने दिशा देखाउँछ । यो पनि स्थायी प्रकृतिको भूस्वरूप भएकाले नक्सा पहिचान गर्दा यसलाई आधार मान्न सकिन्छ ।

| | | |
|---|---|---|
| <br>(क) चुचुरो | <br>(ख) भन्ज्याङ | <br>(ग) बेँसी |
| <br>(घ) पर्वत शृङ्खला | <br>(ङ) उपत्यका/ताल | चित्र नं. ४: समोच्च रेखा<br>स्रोत : http://www.armystudyguide.com |

